म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २८२ बिहीबार १० जेठ २०८१ ने. सं. ११४४ बछलाथ्व 23 May 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**संक्रामक रोगबाट बचौं र बचाऔं ।**

*गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न संक्रामक रोगहरु फैलिन सक्दछन्।*

**त्यसैले**

☞ संक्रामक रोग फैलाउने झिँगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं,
☞ संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
☞ बासी तथा सडेगलेका खानेकुरा नखाऔं,
☞ घरभित्र र वरपरको सरसफाईमा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

### हेटौंडामा प्रदेशस्तरीय सुरक्षा गोष्ठी सम्पन्न

# राजश्व चुहावट नियन्त्रणमा २० प्रतिशत सुधार

साझाकुरा संवाददाता

हेटौंडा, ९ जेठ/ उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेले पछिल्लो २ महिनामा राजश्व चुहावट नियन्त्रणमा २० प्रतिशतले सुधार भएको र करीब ७०० विगाहा अतिक्रमित जमिन साविककै अवस्थामा फर्काइएको बताएका छन् । नेपाल सरकार, गृहमन्त्रालय र प्रदेश, आन्तरिक मामिला तथा कानून मन्त्रालयद्वारा संयुक्त रुपमा आयोजित प्रदेशस्तरीय सुरक्षा गोष्ठीमा गृहमन्त्री लामिछानेले यस्तो बताएका हुन् ।




उनले नागरिका सबै प्रकारका गुनासो स्थानीयस्तरमैं सुनुवाई गर्ने र समाधान गरी नागरिक सन्तुष्टि अभिवृद्धि गर्नुपर्ने बताए । उनले आफूले कार्यभार सम्हालेको २ महिनामा भएको परिवर्तनले मेहनत गर्दा सुधार सम्भव छ भन्ने पुष्ट भएको दाबी गरेका छन् । सुधारका थुप्रै कार्य अघि बढाइएको र निकट भविष्यमा त्यसको नतिजा देखिने दाबी लामिछानेले गरे । उच्चसमर्पण सहित योजनावद्ध रुपमा कार्यगर्न मातहतका अधिकारीहरुलाई लामिछानेले निर्देशन दिएका छन् ।

वहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक विशेषतायुक्त समाजमा विविधतावीच एकता प्रवर्द्धन गर्न स्थानीय प्रशासनले भूमिका खेल्नुपर्ने र सदियौंदेखि मिलेर बसेको समाजलाई विखण्डित गर्ने, नागरिकलाई नकारात्मक हिसावले प्रशिक्षित गर्ने तथा संविधान र लोकतन्त्र विरोधी गतिविधि भएमा त्यसलाई जानकारीमा लिन जरुरी रहेको उनले बताए ।

उपप्रधानमन्त्री तथा गृहमन्त्री लामिछानेले गोष्ठीमा भएको छलफलले प्रदेशको शान्तिसुरक्षा र अपराध नियन्त्रणलाई मजवुत बनाउन र सरकारका प्रयासलाई नागरिकसरोकारका विषयमा केन्द्रित गर्न मद्दत पुग्ने र दुर्गम क्षेत्रका नागरिकको सेवाप्रवाहलाई थप सहज बनाउन गोष्ठी महत्वपूर्ण हुने विश्वास व्यक्त गरे । मन्त्री लामिछानेले स्थानीय प्रशासनको उपस्थितिले पीडितका लागि भर र पीडकका लागि डर सृजना हुनुपर्ने धारणा राख्दै सबैलाई त्यस दिशामा खरो उत्रन निर्देशन दिए ।

प्रहरी समायोजन सम्बन्धी कार्य सम्पन्न गर्न कानुन तर्जुमा लगायत कार्यमा गृहले सक्रियतापूर्वक कार्य गरिरहेको बताउदै मन्त्री लामिछानेले राजनीतिक आवरणमा गैर संवैधानिक र गैरकानुनी गतिविधि हुन नदिन, नागरिकले आफूमाथि शोषण दमन र उत्पीडन भएको र आर्थिक, सामाजिक, साँस्कृतिक रुपमा ठगिएको महसुश नगर्ने गरी काम गर्न, विकास निर्माण र सेवाप्रवाहका काममा ढिलासुस्ती र अनियमितता हुन नदिन, धार्मिक, सामाजिक र साँस्कृतिक सद्भाव विथोलिन नदिन सबै प्रजिअ र जिल्ला सुरक्षा समितिलाई निर्देशन दिए ।

बागमती प्रदेश सरकारका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले नागरिकको हित अभिवृद्धि र सहज सेवाप्रवाहका लागि सबै तहका सर कारले समन्वय तथा सहकार्य गर्नुपर्ने धारणा राखे । यसका लागि जिल्ला प्रशासन कार्यालय र नेपाल प्रहरी लगायत सुरक्षा निकायको क्षमता अभिवृद्धिमा लागि प्रदेश सरकारले आवश्यक सहयोग गर्ने उनले बताए । संघीयता कार्यान्वयन र यसको स्थायित्वका लागि यथाशीघ्र प्रहरी समायोजन गर्नुपर्ने धारणा राख्दै मुख्यमन्त्री जम्कट्टेलले सुरक्षाका राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक गरी विभिन्न आयाममा ध्यानदिई नागरिकलाई शान्तिसुरक्षा र अमनचयन प्रदान गर्न निर्देशन दिए ।

बागमती प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री गंगानारयण श्रेष्ठले शान्तिसुरक्षा र सेवाप्रवाहलाई बढी भन्दा बढी नागरिकमैत्री र प्रविधिमैत्री बनाउन आवश्यक रहेको बताउदै यसका लागि आवश्यक वजेट तथा दक्ष जनशक्तिको व्यवस्था गर्नुपर्ने र सोहिअनुसारको भौतिक पूर्वाधारको व्यवस्था गर्नुपर्ने बताए । उनले सुरक्षा निकायलाई व्यावसायिक र राजनीतिक हस्तक्षेपबाट मुक्त वनाउनुपर्ने धारणा राखे । साइबर अपराध नियन्त्रणका लागि प्रभावकारी कानून बनाई कार्यान्वयन गर्नुपर्ने र आगलागी, डढेलो लगायत विपद्बाट नागरिकलाई सुरक्षित राख्न संघीय सरकार र प्रदेश सरकारबीच सहकार्य गर्नुपर्ने धारणा मन्त्री श्रेष्ठको थियो ।

गृहसचिव एकनारायण अर्यालको सभाध्यक्षतामा भएको कार्यक्रममा सुरक्षा परिषद्का सबैको सहभागिता रहेको थियो । गृहसचिव अर्यालले जिल्लागत रुपमा भएका असल अभ्यासलाई अन्य जिल्लाले अवलम्बन गर्न निर्देशन दिए । गोष्ठीले गृहमन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय र प्रदेश भित्रका तेह्रवटै जिल्लाको शान्तिसुरक्षा र अपराध नियन्त्रण एकीकृत योजना बनाएर अघि बढन सहयोग पुगेको र आगामी दिनमा शान्तिसुरक्षाको व्यवस्था, अपराध नियन्त्रण, विपद् व्यवस्थापन, सेवाप्रवाह, सुशासन र विकास सहजीकरणका लागि सञ्जाल शासनको आधार तयार गरेको बताइएको छ ।

संघ र प्रदेशबीचको सञ्जाल, गृहमन्त्रालय, रक्षामन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभागबीच कार्यसम्पादन नेटवर्क बनाउन गोष्ठीले मद्दत गरेको र यसले बागमती प्रदेशका १३ जिल्लाका सबै गतिविधिलाई सञ्चालन गर्न थप सहज हुने गृहसचिव अर्यालले बताए । लागुऔषध ओसारपसार, प्राकृतिक स्रोतको अवैध दोहन, क्रिप्टो करेन्सीको प्रयोग, हुण्डी कारोबार, राजश्व चुहावटलगायत अपराधमा संलग्न पेशेवर व्यक्तिको सूची तयार गर्न र प्राप्त प्रमाणका आधारमा कानूनी कारबाही गर्न निर्देशन दिए ।

गृहसचिव अर्यालले हतियारको गैरकानुनी प्रयोग हुन नदिन र नतिजामूखी कार्यका लागि अहोरात्र क्रियाशील हुन आग्रह गरे । दुई दिने गोष्ठीमा प्रदेश सरकारका कायममुकायम प्रमुखसचिव, नेपाली सेनाका रथी अशोकराज सिग्देल क्षत्री, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल नेपालका प्रहरी महानिरीक्षकहरु, राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशकले आफू मातहतका प्रमुखलाई निर्देशन दिएका थिए ।

दुईदिने गोष्ठीमा वागमती प्रदेशका १३ जिल्लामा देखापरेका सुरक्षा चुनौती, अपराध नियन्त्रण, सेवाप्रवाह, विकास सहजीकरण, विपद् व्यवस्थापन पूर्वतयारी र प्रतिकार्य, राजश्व चुहावट नियन्त्रण, प्राकृतिक स्रोतको कानूनसम्मत उपयोग, सार्वजनिक र सरकारी जग्गाको संरक्षण, नेपाल सरकार, प्रदेश सरकार मातहतका निकायको समन्वय र सहकार्य लगायत विषयमा छलफल भएको छ ।

प्रदेशका १३ जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुले जिल्लाको अवस्था, देखापरेका समस्या र जिल्ला सुरक्षा समितिको तर्फबाट भएगरेका कार्य प्रस्तुत गरेका थिए । जिल्लावाट उठाइएका विभिन्न विषयमा मन्त्रालयको धारणा राख्दै गृहमन्त्रालयका सुरक्षा समन्वय महाशाखा, नीति, योजना अनुगमन तथा मूल्यांकन महाशाखा, विपद् व्यवस्थापन महाशाखा प्रमुखले प्रस्तीकरण गरेको थियो । प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालयले पनि संश्लेषणात्मक प्रस्तुतीकरण गरेको थियो ।

# पाँच जना 'थाहापदक'बाट विभुषित

साझाकुरा संवाददाता

हेटौंडा, ९ जेठ/थाहा नगरपालिकाले आफ्नो १० औं स्थापना दिवसको अवसरमा विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका तीन विधामा ५ जनालाई 'थाहापदक'बाट विभुषित गरेको छ ।



९ जेठमा पालुङ जेसीज सभाहलमा आयोजित शुभकामना आदानप्रदान कार्यक्रमको अवसरमा भिन्दाभिन्दै क्षेत्रमा योगदान दिएको मूल्यांकनसहित नगरपालिकाले पदकबाट सम्मानसहित विभुषित गरेको हो । 'थाहा सेवापदक'बाट थाहा नगरपालिकाका प्रथम नगरप्रमुख लवशेर विष्ट र प्रथम नगरउपप्रमुख खड्ग गोपालीलाई पदकसहित विभुषण गरिएको छ ।

नगरपालिकाको विकास र सम्वृद्धिका लागि योगदान पुऱ्याएको मूल्यांकनसहित नगरप्रमुख विष्णुबहादुर विष्टले दुवैजनालाई चाँदीको पदक र विभुषण प्रदान गरिएको हो । कार्यक्रममा थाहा 'आर्थिक समृद्धि पदक'बाट पर्यटन व्यवसायी अर्जुनसिंह ठकुरी र किसान श्याम विष्ट विभुषित भएका छन् । आफ्नै ठाउँमा रहेर पर्यटन र कृषिक्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएको मूल्यांकनसहित ठकुरी र विष्टलाई नगरपालिकाले पदकसहित सम्मान गरेको हो ।

'थाहा संस्कृति तारापदक'बाट थाहा नगरपालिका-६ बज्रवाराहीका अजिमा मन्दिरका मुलपूजारी टीकालाल कर्माचार्य विभुषित भएका छन् । परम्परागत संस्कृति संरक्षणमा योगदान पुऱ्याएवापत उनलाई सम्मान गरिएको हो । वि.सं. २०७१ साल वैशाख २५ गते साविक दामन, पालुङ, आग्रा, टिष्टुङ, बज्रबराही र चित्लाङलाई समेटेर सरकारले थाहा नगरपालिका घोषणा गरेको थियो । वि.सं.२०७१ जेठ ९ गते नगर पालिकाको कार्यालय स्थापना गरेर काम थालनी गरिएको थियो । २०७८ को जनगणना अनुसार नगर पालिकामा ३८ हजार ८ सय ७० जनसंख्या रहेको छ ।

यसअघि नगरपालिकाको स्थापना दिवसको उद्घाटन कार्यक्रम ९ जेठ विहान थाहा-४ क्याम्पाडाँडामा गरिएको थियो । पाँचौं उपप्रमुख ब्याडमिन्टन प्रतियोगिता र स्थापना दिवस समारोहको संयुक्त उद्घाटन गरिएको हो । कार्यक्रममा नगर प्रमुख विष्ट, उपप्रमुख भरत गोपाली, प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, नेकपा एमाले थाहानगर अध्यक्ष सुरेन्द्रमान प्रधान, नेकपा माओवादी केन्द्र थाहाका अध्यक्ष बिनोद लामा, राष्ट्रिय स्वतन्त्र पार्टीका थाहानगर सभापति जयराम खत्री, राप्रपा थाहाका अध्यक्ष कुलमान तामाङ, वडाध्यक्षलगायत विभिन्न संघसंस्थाका प्रमुख एवम् प्रतिनिधिहरु उपस्थित थिए ।

# हेटौंडा आएका गृहमन्त्री लामिछाने मिडियासँग तर्किए

साझाकुरा संवाददाता

हेटौंडा, ९ जेठ/ हेटौंडामा भएको बागमती प्रदेशस्तरीय सुरक्षा समन्वय समितिको बैठकमा सहभागी हुन आएका गृहमन्त्री रवि लामिछाने काठमाडौं फर्किएका छन् ।

बुधवारको बैठक समापनपश्चात काठमाडौं फर्कने क्रममा उनलाई बैठकस्थल बाहिर पत्रकारले पछिल्लो राजनीति घटनाक्रमबारे सोधेको प्रश्नको जवाफमा उनले आफू आज केही नबोल्ने भन्दै गाडीमा चढे । विकसित घटनाक्रमका सम्बन्धमा प्रतिक्रिया लिन खोज्दा गृहमन्त्री लामिछाने मिडियासँग तर्किएर हिँडेका छन् । बैठकको विषयमा गृहमन्त्रालयका प्रवक्तासँग सोध्नु भन्दै उनी सीधै सिमरा हानिए ।

गृहमन्त्री बुधवारै सिमरा हुँदै काठमाडौं गएका हुन् । सहकारी प्रकरणमा गृहमन्त्रीमाथि छानबीन समिति गठनको माग राखेर कांग्रेसले सदन र सडकमा विरोध गरिरहँदा कैलाश सिरोहिया नागरिकतासम्बन्धी कसुरमा पक्राउपछि मिश्रित प्रतिक्रिया आइरहेका छन् । गृहमन्त्री हिँडेपछि बैठकबारे प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए ।

बैठकमा बागमतीका १३ वटै जिल्लाको सुरक्षा अवस्थाबारे जिल्लाको प्रस्तुतिकरण भएको उनले बताए । बैठकमा गृहमन्त्री लामिछानेले चुस्तदुरुस्त सुरक्षा र सेवाप्रवाहको लागि मातहतको निकायलाइ निर्देशन दिएको भट्टराइले बताए । बैठकमा गृहमन्त्री लामिछानेले प्रहरी समायोजन सम्बन्धी कार्यसम्पन्न गर्न मन्त्रालयले आवश्य काम गरिरहेको बताएको प्रवक्ता भट्टराईको भनाइ छ ।

बैठकमा गृहमन्त्री लामिछानेले आफ्नो दुई महिने कार्यकालमा राजश्व चुहावटको घटनामा २० प्रतिशतले सुधार भएको र ७ सय बिगाहा अतिक्रमित जमित साविकको अवस्थामा फिर्ता ल्याइएको जानकारी दिएका थिए । स्थानीय प्रशासनको उपस्थितिले पीडितको लागि भर र पीडकको लागि डर हुनुपर्ने धारणा ब्यक्त गर्दै प्रहरीलाई खरो रुपमा उत्रन गृहमन्त्री लामिछानेले निर्देशन दिएका छून् ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

ELITE AIMERS INSTITUTE The Dream Into AIM

**लोक सेवा आयोग**
**तयारी गर्ने सोचमा हुनुहुन्छ ?**

शिक्षक सेवा | बैंकिङ कक्षा तयारी
खरिदार | नेपाल विद्युत प्राधिकरण
नायब सुब्बा

● शान्त तथा स्वच्छ वातावरण
● दक्ष तथा अनुभवी शिक्षक
● हरेक हप्ता Model Test
● Handsout को व्यवस्था

50% OFF for +2 Student
● Diploma in Computer
● Japanese Language
● IELTS/PTE Class

*Location Map :*
कान्तिराज पथ
पारिजात पथ
Hetauda Campus
Elite

**Elite Aimers Institute**
Hetauda-4, Parijathpath, (Infront of Hetauda Campus)
Contact No.: 057-590096,
9855057021,9804219546, 9855078775

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरुः**
☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



**सम्पर्क कार्यालयः**
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशकः टिका कुमारी दुलाल
**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्कः ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# कृषिमा चुनौतीको चाङ

कृषिप्रधान मुलुकको पहिचान बोकेको नेपालले वार्षिक रुपमा ५० अर्ब रुपैयाँ भन्दा बढीको चामल आयात गरिरहेको छ । चामल मात्र नभएर दात, तरकारी, फलफूल, मसला आदि सबै आयात गर्न बाध्य छ । गुन्द्रुक, मस्यौरा, सिन्की जस्ता परम्परागत घरेलु तरकारी पनि आयात गर्नु परेको छ । चारदसक अघिसम्म नेपालले खाद्यान्न निर्यात गरिरहेको थियो । हेटौंडा जस्तो सानो ठाउँबाट हरेक वर्ष १०/२० ट्रक भुसेतिल बंगलादेश निर्यात हुने गरेको थियो । तर, अहिले त्यो सबै 'दन्त्यकथा' जस्तै बनेको छ । नेपालबाट कोरियामा गहुँ निर्यात भएको ईतिहास अब दोहोरिने छैन । हाम्रा पाखोपखेराका बाँझो जमिन अब उर्बर बन्ने सम्भावना छैन । परिवारको एक जना बैदेशिक रोजगारीमा गएपछि गाउँ छोडेर सहर पस्ने परिवार लाखौं छ । गाउँको पाखोबारी बाँझै राखेर सहरमा एउटा कोठामा गुजारा गर्न थालेपछि आयात बढ्ने नै भयो ।

सरकारले किसानलाई उत्पादकत्व बृद्धि गर्न दिएको अनुदान सबै टाठाबाठाले मात्रै लिए । वास्तबिक किसानले अनुदानका लागि आवश्यक कागजपत्र जुटाउनै नसक्ने अवस्था थियो । त्यसैले सरकारको लगानी बालुवामा पानी हालेसरह भयो । कागजमा गरिएका उत्पादनले भान्सा धान्ने सम्भावना थिएन । त्यसैले अनुदान नीतिमा पनि सरकारी निकाय चुकेकै हो । खेतमा गहुँ छर्ने बेलामा बीउ पाइदैन, बारीमा मकै छरेपछि मल पाइदैन । किसानले मल लिन नागरिकता र लालपूर्जा बोकेर हिड्नु कि खेतीमा पसिना बगाउनु ? अनि उत्पादकत्व भाषणमा मात्रै बढाउन सकिन्छ । अर्कोतिर राजश्व ठगेर, सरकारी कोष दुरुपयोग गरेर पैसा कमाउनेलाई सलाम गर्ने तर, खेतबारीमा पसिना बगाउने किसानलाई हेप्ने समाजको विकास भएको छ । यस्तो अवस्थामा उत्पादकत्व कहाँबाट बढ्छ ? किसानले उत्पादन गरेको काउली, बन्दालगायतका तरकारीको मूल्य उपभोक्ताले सय रुपैयाँ तिर्दा किसानले २० रुपैयाँ पनि पाउन सक्दैन अनि किन उत्पादकत्व बढाउने ? बिचौलिया पोस्नका लागि किसानले किसन पसिना बगाइदिने ? किसानले फलाएको धानको मूल्य प्रतिकेजी २० रुपैयाँ न्यूनतम समर्थन मूल्य तोक्ने सरकारले त्यही धानको चामल ६० रुपैयाँ प्रतिकेजी बिक्री गर्ने ब्यापारीलाई सहयोग गर्ने सरकारलाई किसानले किन धान फलाइदिने ? किसानले आफूलाई खान पुग्ने गरी उत्पादन गरेकै छन् । लागत मूल्य पनि नआउने गरी किन उत्पादन गर्ने ?

कसका लागि उत्पादन गरिदिने ? यस्ता सयौं सवालको जवाफ तीनै तहका सरकारसँग छैन । त्यसैले कृषिमा सुधार गर्छु भन्नु भनेको बालुवा पेलेर तेल निकाल्छु भन्नु सरह हो । जवसम्म राज्यको ढुकुटी लुट्ने र कागजमा उत्पादन गर्नेको कुरा मात्र सुन्ने सरकार रहन्छ तवसम्म कृषिक्षेत्रमा सुधार हुनेवाला छैन । बागमती प्रदेशका कृषि तथा पशुपन्छी विकास मन्त्री डा.राजेन्द्रमान श्रेष्ठले एकवर्षे कार्यकालमा १५ वटा नीतिगत उपलब्धीहरु र ११ वटा कार्यक्रमगत उपलब्धी सार्वजनिक गरेका छन् । यस्ता नीतिगत कुरामा अलमलिने हो भने ५ वर्षमा पनि कृषिमा सुधार आउनेवाला छैन । वास्तबिक किसानले अपमानीत महशुस गर्नुपर्ने समाजमा परिवर्तन कागजमा मात्रै हुने हो ब्यवहारमा होइन । सरकारले काम गर्ने वा पसिना बगाउने किसानलाई चिन्दैन किन भने उनीहरुको पसिना गन्हाउछ । तर, सफा काजगमा उत्पादन गर्नेलाई सरकारले राम्रोसँग चिन्ने मात्रै होइन बरु गहिरो मित्रता गास्न सक्छ । बेलेकाको नास्तापानीका लागि पनि कागजमा उत्पादन गर्ने नक्कली किसानले राम्रोसँग ब्यवस्थापन गर्न सक्छन् । पसिना गन्हाउने किसानले बेलुकाको नास्तापानी ब्यवस्थापन गर्न सक्दैनन् । यति कुरा तीनै तहका सरकारले बुझ्ने हो भने परिवर्तनको सुरुवात हुनसक्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ जेठ ११ गते शुक्रबार २४ मे २०२४ । प्रतिपदा, जेष्ठ कृष्णपक्ष । बछलागा ११४४ ने.सं. । सूर्योदय ५:१३, सूर्यास्त ६:५० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मन प्रसन्न रहनेछ | **तुला** | : परिवारमा सुखद माहौल रहनेछ |
| **वृष** | : विरोधी परास्त हुनेछन् | **वृश्चिक** | : स्थिति अनुकूल बन्नेछ |
| **मिथुन** | : व्यापारमा लाभ हुनसक्नेछ | **धनु** | : प्रेम सम्बन्ध प्रगाढ हुनेछ |
| **कर्कट** | : काममा सफलता मिल्नेछ | **मकर** | : अहंकारको भावले काम विगार्नेछ |
| **सिंह** | : अधुरा कामहरु पूरा हुनेछ | **कुम्भ** | : धार्मिक कार्यको अवसर मिल्नेछ |
| **कन्या** | : स्वास्थ्यको समस्या आउनेछ | **मीन** | : व्यापार राम्रो चल्नेछ |

# निजामतीको अव्यवसायीकरणले निम्त्याएको कुशासन



✍ सागर पण्डित

निजामती सेवालाई स्थायी सरकार को रुपमा हेर्ने गरिन्छ । स्थायी सरकारको उपमा पाउनु चानचुने कुरो होइन । विश्वमा नै निजामती सेवा भन्नेबित्तिकै मेरिटोक्रेसी (योग्यताक्रम) को आधारमा छनौट भएको दक्ष र योग्य जनशक्तिको समूहलाई बुझ्ने गरिन्छ । यो सेवामा आएकाहरु कुनै सोर्सफोर्स, नातावाद, कृपावाद तथा फरियावादलाई टेको समाएर आएका होइनन् । देश-विदेशका धेरै कुरा जानेर, दिमाग खियाएर, प्रतिस्पर्धामा अब्बल र योग्य ठहरिएर उनीहरु छनौट भएका हुन्छन् । यद्यपि हाम्रो सन्दर्भमा हेर्दा विश्वविद्यालयका टपरहरु, डिस्टिङ्सन होल्डरहरु जुन किसिमले आउनुपर्थ्यो त्यो किसिमले आएको पाइँदैन । त्यस्ता टपरहरुको संख्या निजामती सेवामा धेरै नै कम छ । टपरहरु निजामती सेवामा प्रवेश गर्न नचाहनुको मुख्य कारण निजामती सेवामा व्याप्त राजनीतिकरण र भ्रष्टाचार नै हो । यस अतिरिक्त सरकार र लोकसेवा आयोग दुवैको तर्फबाट सार्वजनिक सेवा प्रवेश गरेपछिको वृत्तिविकास पथलाई बुझाउन नसक्नु पनि टपरहरुको प्रवेश नहुनुको अर्को कारण हो ।

सार्वजनिक प्रशासनमा भइरहेको राजनीतिकरण अर्थात् योग्य व्यक्तिले स्थान नपाएको, योग्य व्यक्तिहरुले योग्य ठाउँ नपाएको, 'राइट म्यान इन राइट जब' नपाएको जस्ता विषय र त्यसको बाह्य सञ्चारका कारण पनि टपरहरुको यसप्रति आकर्षण बढ्न नसकेको पाइन्छ । यस अतिरिक्त निजामती सेवामा रहेका कैयौं कर्मचारीहरु दिनहुँजसो भ्रष्टाचार प्रकरणमा पक्राउ पर्ने, जेल जाने, मुद्दा लाग्नेजस्ता क्रम बढेकाले पनि टपरहरु यस क्षेत्रमा आउन नसकेका हुन् भन्ने सहजै विश्लेषण गर्न सकिन्छ ।

मुख्यरुपमा हामीकहाँ राजनीतिक नेतृत्व चरम भ्रष्टाचारमा फस्दै आइरहेको छ । त्यसको असर प्रशासनयन्त्रमा पर्नु स्वाभाविक हो । हाल 'काले-काले मिलेर खाऊँ भाले' भन्ने उखान चरितार्थ हुँदै आइरहेको छ । दुवै पक्षबाट पाएसम्म र मिलेसम्म भ्रष्टाचारजन्य गतिविधिमा संलग्न हुँदै आइरहेको पाइन्छ । नीतिगत भ्रष्टाचार अत्यधिक छ । यसमा पनि दुवै पक्षको मिलेमतो देखिन्छ । कैयौं नीतिगत भ्रष्टाचारहरु सार्वजनिक हुन सकेका छैनन् । केही सार्वजनिक भएर पनि कारबाही भएको छ । जस्तो- ललितानिवास जग्गा अनियमितता प्रकरण, नक्कली भुटानी शरणार्थी प्रकरण आदि । ती प्रकरणमा राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्व दुवै पक्षको मिलिभगत देखिएको थियो । यद्यपि कारबाहीको क्रममा राजनीतिक नेतृत्वले उन्मुक्ति पाएको र प्रशासनिक नेतृत्वले मात्रै कारबाही भोग्नुपरेको दुःखद अवस्था पनि छँदैछ ।

राजनीतिक नेतृत्वले गलत कर्म गर्दा प्रशासक तथा कर्मचारीहरुले उनीहरुसँगै सम्झौता गर्ने गरेका छन् । यसमा प्रशासकहरुले पनि क्षणिक लाभलाई हेरे । क्षणिक लाभ भन्नाले मेरो अनाकर्षक ठाउँमा सरुवा हुन्छ कि, मेरो पनि स्वार्थ पूर्ति हुँदैन कि भन्ने प्रवृत्तिका कारण प्रशासकहरुले राजनीतिक नेतृत्वसँग गलत कुराहरुमा पनि सम्झौता गर्ने परिपाटी हाबी भयो । जसका कारण उनीहरुले व्यावसायिकताका मूल्य र मान्यतामा नै गलत किसिमले सम्झौता गर्न थाले । यदि प्रशासनिक नेतृत्वले साँच्चै नै सही र राम्रो परामर्श दिने प्रणालीको विकास गर्न सकेको भए अथवा राजनीतिक नेतृत्वबाट गलत निर्णय भएमा त्यसलाई कन्भिन्स गर्न सक्ने संस्कारको विकास (संगठित प्रयास) गर्न सकेको भए पक्कै पनि कुशासन यसरी मौलाउन पाउँदैन थियो । धेरै हदसम्म सिस्टम बस्न सक्थ्यो ।

त्यसैले राजनीतिक नेतृत्वले प्रशासनिक संयन्त्रलाई अव्यवसायीकरण गरेर कुशासन मच्चाउन पुगे, जसका कारण भ्रष्टाचार अत्यधिक मौलाएको हो । प्रशासनिक नेतृत्वले पनि आफ्नो क्षणिक फाइदाका लागि व्यावसायिकता बिर्सन पुगे । राजनीतिक नेतृत्वबाट प्रशासनिक नेतृत्वको व्यावसायिकता नै खत्तम पार्ने प्रयास लामो समयदेखि हुँदै आएको छ । दुःखका साथ भन्नुपर्छ, यस्तो कार्यमा प्रशासकहरु आफैं राजनीतिक नेतृत्वको सारथी हुदै आए । राजनीतिक नेतृत्वले प्रशासनयन्त्रलाई अव्यवसायीकरण गर्नतिर लागे, जसले गर्दा आफूहरु शक्तिशाली भइन्छ भन्ने भान उनीहरुलाई पऱ्यो तर परिणाम भने खराब भयो । राजनीतिक नेतृत्वले प्रशासनयन्त्रलाई डिप्रोफेसनालिज्म गराइदिएर स्वार्थ पूर्ति गर्नतिर लागे ।

सचिवको काममा अनावश्यकरुपमा हस्तक्षेप गरिदिने, मन्त्रालयमा अनावश्यकरुपमा सल्लाहकारहरु ल्याइदिने, प्रशासनबाट सम्पादन हुने काम अनावश्यकरुपमा राजनीतिक नेतृत्व आफैंले गर्न खोज्ने, किचेन क्याबिनेट हाबी गराउने, सल्लाहकारहरु अनावश्यकरुपमा हाबी गराउने काम राजनीतिक नेतृत्वबाट भयो । त्यसको विरोध प्रशासनबाट हुन सकेन, जसका कारण प्रशासनिक संयन्त्र पूर्णरुपमा अव्यवसायीकरण हुन पुग्यो र दुवै पक्ष भ्रष्टाचारमा चुर्लम्म डुब्न पुगे । एक-अर्काको खराबीलाई रोक्ने र सुधार गर्नेतर्फ उनीहरुले कहिल्यै पनि सोच्दै सोचेनन् । वास्तवमा सचिव नै मन्त्रीको स्थायी सल्लाहकार हो । तर उसलाई बाइपास गरेर अनावश्यक काम गर्ने प्रवृत्ति हाबी भयो । यसरी बिस्तारै बिस्तारै राजनीतिक नेतृत्वबाट कर्मचारीतन्त्रलाई अव्यवसायीकरण गर्ने, राजनीतीकरण गर्नेलगायतका अभिष्ट पूरा गर्ने काम भए र त्यसमा प्रशासनयन्त्रले निरीह भएर साथ दिँदै गए अनि अहिलेको विकृति आयो ।

प्रशासनमा जसरी व्यावसायिक मूल्य र मान्यतामा अडान लिने प्रवृत्ति हुनुपर्थ्यो त्यो खासै देखिन सकेको छैन । अडान लिने प्रवृत्ति दिनानुदिन गिर्दो अवस्थामा छ । हामीकहाँ विभिन्न राजनीतिक परिवर्तन हुँदै आएको छ । पछिल्लोपटकको राजनीतिक परिवर्तनले शासकीय प्रणालीमा नै परिवर्तन ल्याइदियो । जुन निकै ऐतिहासिक थियो । तर हामीले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गरेको ९ वर्ष पुगिसक्दासमेत नयाँ व्यवस्थाका मूल्यहरु स्थापित हुन सकेका छैनन् ।

राजनीतिक व्यवस्थाका लाभहरु जनतासमक्ष पुऱ्याउने काम प्रशासनयन्त्रको हो । तर यो कर्मचारी तथा प्रशासनयन्त्रले सो अनुरुप हालसम्म पनि परिवर्तनलाई आत्मसात् गर्न सकेको देखिँदैन । यसले राजनीतिक मूल्य र मान्यतासँग लय मिलाउन सकेको पाइँदैन । लय त मिलायो तर गलतरुपमा मिलाउने काम गऱ्यो । गलत प्रवृत्तिसँग साँठगाठ गर्न पुग्यो र यसले व्यवस्थाका लाभहरुलाई नागरिकसमक्ष प्रभावकारीरुपमा वितरण गर्नुपर्नेमा गर्न सकेन । जसका कारण आमनागरिकमा एक किसिमको निराशा तथा छटपटी र आक्रोश छाउन पुगेको छ । जुन शासकीय व्यवस्थाको लागि गम्भीर चिन्ताको विषय हो ।

व्यवस्थाका मूल्य र लाभहरु राम्ररी जनतासमक्ष पुग्नुपर्छ । यसो गर्न सकिएमा मात्रै त्यो राजनीतिक व्यवस्था सर्वस्वीकार्य हुन्छ । राजनीतिक नेतृत्वमा त्यो कौशलता देखिएन भने प्रशासनिक नेतृत्वले परिवर्तनलाई आत्मसात् गर्न सकेन । बदलिँदो परिवेशअनुसार आफूलाई बदल्न सकेन कर्मचारीतन्त्रले । त्यसकारणले व्यवस्थाहरु जुन आए पनि अस्थिर हुने, जनतामा पनि निराशा बढ्ने काम भइरहेको हो ।

राजनीतिले स्थापित गरेका मूल्य र मान्यतलाई निजामती प्रशासनले वितरण गर्न सक्नुपर्छ । लोकतन्त्रका कर्मचारीले सेवामात्रै होइन, जनतासमक्ष लोकतन्त्र नै वितरण गर्नुपर्छ भन्ने सिद्धान्त छ । यो डेलिभरी गर्ने प्रमुख निकाय भनेकै प्रशासनिक संयन्त्र हो । राजनीति र जनताबीच बफर रोलको भूमिका प्रशासनयन्त्रले निर्वाह गर्न सक्नुपर्छ । प्रशासन नै यस्तो संयन्त्र हो, जहाँ नागरिकले दैनिकजसो उनीहरुसँगै फेस गर्ने गर्छन् । उनीहरुमार्फत जनताले आफ्ना गुनासाहरु तथा इच्छाहरु अभिव्यक्त गर्छन् । ती इच्छाहरु राजनीतिक नेतृत्वसमक्ष लगेर त्यसलाई नीतिमा रिफ्लेक्ट गराउने काम प्रशासनकै हो । राजनीतिक नेतृत्वको कमी-कमजोरी पनि नागरिकसमक्ष कुनै न कुनै रुपमा पुऱ्याइदिने काम प्रशासन संयन्त्रले गर्नुपर्छ । हामीकहाँ यस्तो सम्भव देखिँदैन तर पश्चिमा देशहरुमा भने त्यहाँको प्रशासनले राजनीतिक नेतृत्वको बद्मासी र खराब कर्महरु जनतासमक्ष लैजाने गर्छन् । त्यस्तो हिम्मत अब यहाँको प्रशासन संयन्त्रले पनि गर्नुपर्छ । वास्तवमा लोकतन्त्रले जनताको प्रत्यक्ष सहभागिता खोज्छ । तर हामीकहाँ प्रशासनले अझै पनि एक्सपोर्टहरुको विचारलाई नै जनताको विचारको रुपमा ग्रहण गर्दै आएको छ, जुन गलत हो ।

प्रशासन संयन्त्रमा व्यावसायिकता भएन तथा नेताहरुमा नैतिकता र उत्तरदायित्व भएन भने जस्तासुकै योजनाहरु पनि सफल हुँदैनन्, जस्तोसुकै राजनीतिक व्यवस्था पनि सफल हुँदैन । अब जनताले के चाहेका छन्, त्यो बुझ्ने अर्थात् जनताप्रति उत्तरदायी हुने प्रशासन संयन्त्र चाहिन्छ । अब जनताप्रति प्रत्यक्ष उत्तरदायित्व बहन गर्ने संयन्त्रहरु निर्माण गर्नुपर्छ । प्रशासन संयन्त्रले सीधै जनताप्रति उत्तरदायी हुने किसिमले काम कारबाही र सेवा प्रदान गर्नुपर्छ । कर्मचारीतन्त्रले के बुझ्नुपर्छ भने, लोकतन्त्रमा जनताप्रति उत्तरदायी नहुने र जनताको हितमा नचल्ने संस्था टिक्दैन । प्रशासनले गर्ने काममा नागरिकहरुलाई नै संलग्न गराएर सहउत्पादन गरिदिने पद्धति विकास गरिनुपर्छ अब । जनतालाई नै सहभागी गराएर सेवा प्रवाह गर्न थालेपछि त्यहाँ जनता आफैंले 'ओनरसिप' लिन्छन्, प्रशासनलाई राम्ररी सहयोग गर्छन् । प्रशासनयन्त्र जनप्रिय पनि बन्छ । त्यस्तो गर्न सकिएमा राजनीतिक हस्तक्षेप हुने सम्भावना पनि निकै कम हुन्छ । किनकि राजनीतिक हस्तक्षेप हुन लागेमा त्यसको प्रतिरोध जनता आफैंले गर्छन् ।

*(साभार: नेपाल समाचार-पत्र)*

# नीति कार्यक्रमको नियति

✍ मनिकर कार्की

संसद् अवरोधकै बाबजुद राष्ट्रपति रामचन्द्र पौडेलले सरकारका तर्फबाट आगामी आर्थिक वर्ष २०८१/८२ का लागि नीति तथा कार्यक्रम प्रस्तुत गरेका छन् । राष्ट्रपतिलाई कार्यक्रम प्रस्तुत गर्नसम्म दिएको कांग्रेसले त्यसपछि तुरुन्तै सदन अवरोध गर्दा संसद्ले राष्ट्रपतिलाई धन्यवाद प्रस्तावसम्म पारित गर्न सकेन । जुन घटनाले संसद्को गरिमाको अवमूल्यन भएको छ । कम्तीमा कांग्रेसले राष्ट्रपतिलाई धन्यवाद ज्ञापनसम्म गर्ने धैर्य राख्नुपर्दथ्यो ।

सरकारले नीति तथा कार्यक्रम मार्फत 'समाजवादउन्मुख आर्थिक-सामाजिक रूपान्तरणका लागि राजनीतिक स्थायित्व, सुशासन, विकास र सामाजिक न्याय सहित समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्ने' प्रतिबद्धता जनाएको छ । त्यसो त सरकारले नेपाली जनतालाई 'सुखी' बनाउने उद्घोष गरेको पनि वर्षौं भइसकेको छ । यो कुनै नयाँ नारा भने होइन । तथापि 'सुख'को भाष्यले गलत दिशाबोध (मिस लिड) गरिरहेको आभास हुन्छ ।

किनकि नेपाली समाजमा 'सुख'को अर्थ हो विना काम बसी-बसी खानु । अर्थात्, काम नगरी सुख प्राप्त गर्नु । सुखको भाष्यले श्रम, मिहिनेत र उद्यमशीलताप्रति आस्था र विश्वास जगाउँदैन । त्यसैले सुखको भाष्य नै गलत छ । यसको सट्टा 'खुसी' उपयुक्त शब्द चयन हुनसक्छ । किनकि खुसी भनेको समस्याहरूको निदान हो । अभाव र अप्ठेराहरूको समाधान हो । हामीलाई सुख हैन, तनाव र चिन्तारहित खुसी चाहिएको छ । सरकारले संविधानको कार्यान्वयन, संघीयताको सबलीकरण, अर्थतन्त्रको सुधार र पुनरुत्थान, उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, सुशासन प्रवर्द्धन, सार्वजनिक सेवा प्रवाहमा सुधार र सरलीकरण, नागरिकमैत्री शासन प्रणाली स्थापना र भ्रष्टाचार नियन्त्रणलाई मुख्य प्राथमिकतामा राखेको जनाएको छ । यी आधारभूत मूल्य-मान्यताको कार्यान्वयनका लागि भने विद्यमान राज्य संयन्त्रहरू उतिसारो क्षमतावान् लाग्दैन । मुलुकको आर्थिक अवस्था सुनि सकेको छैन । न्यून उत्पादन र अधिक उपभोग हाम्रो अर्थतन्त्रको चरित्र बन्न पुगेको छ ।

आयातमा लगाइने कर नै सरकारको आम्दानीको मुख्य हिस्सा बनेको छ । आयात बढ्दा सरकारको आम्दानी बढ्छ, तर त्यसले भुक्तानी सन्तुलन र अर्थतन्त्रका अन्य बाह्य सूचकांकहरूमा दीर्घकालीन परनिर्भरता सिर्जना गरिरहेको हुन्छ । त्यसैले आयातकेन्द्रित व्यापारमा आधारित अर्थतन्त्रको पुनर्संरचना हाम्रो ऐतिहासिक आवश्यकता हो । तर, यसमा स्पष्ट दिशाबोध हुनसकेको छैन । सरकारका औपचारिक दस्तावेजहरूमा अर्थतन्त्रको संरचनागत परिवर्तनको आवश्यकता औंल्याइएको देखिन्छ, तर संरचनागत परिवर्तनको क्षेत्रगत कार्ययोजना भने स्पष्ट हुनसकेको देखिँदैन ।

सरकारले कृषि क्षेत्रको उत्पादन, उत्पादकत्व वृद्धि, आधुनिकीकरण, व्यवसायीकरण एवम् बजारीकरणको स्पष्ट मार्गचित्र तयार गरी कार्यान्वयनमा ल्याउने घोषणा गरेको छ भने उत्पादनदेखि बजारीकरणसम्मको कृषि इकोसिस्टम सुधार कार्ययोजना कार्यान्वयन गर्ने जनाएको छ । 'कृषिमा लगानी दशक' घोषणा गरी सरकार निजी, सहकारी तथा विकास साझेदारको लगानी वृद्धि गर्ने रणनीति अख्तियार गर्ने जनाएको छ । तथापि नेपालको कृषि क्षेत्रका आधारभूत समस्याहरू पहिचान गरी तिनको निदान र खेतीका लागि जमिनको उपलब्धताबारे भने सरकारको ठोस नीति देखापर्दैन ।

सरकारले कृषिको उत्पादन र उत्पादकत्व वृद्धिका लागि परम्परागत रूपमा प्रस्ताव गरिने जग्गा चक्लाबन्दी, कृषि भूमिको संरक्षण, सामूहिक खेती, करार खेती, बाँझो तथा नदीउकास जमिनको सदुपयोग जस्ता योजनाहरू वर्षेनि दोहोरिने योजना हुन् । यस वर्ष पनि कृषिको उत्पादन र उत्पादकत्व वृद्धिका आधार यिनै योजनाहरूमा खोज्ने जमर्को गरेको देखिन्छ । तर, यो देशमा खेती कसले र किन गर्ने ? यो प्रश्नको यथोचित उत्तर भेटिँदैन ।

नेपालको कृषि उत्पादन र उत्पादकत्वको कुरा गर्दा छुटाउनै नहुने विषय हो भूमिको उपलब्धता । यहाँ जो कृषिकर्ममा संलग्न छन्, उनीहरूसँग जमिन छैन । गैरकृषकले जमिन ओगटेर बसेका छन् । अर्कोतर्फ स-सानो पैमानामा उत्पादित फसलले पनि बजार पाइरहेको छैन । खास किसानले न त बजार नै पाउँछ, न त उत्पादित उपजको मूल्य नै । यसको समाधान कसरी गर्ने ?

सरकारले मुलुकलाई आगामी दुई वर्षभित्र पशुपन्छी तथा मत्स्य उत्पादनमा पूर्ण आत्मनिर्भर र आगामी पाँच वर्षभित्र फलफूल उत्पादनमा आत्मनिर्भर बनाउने लक्ष्य लिएको छ तर, सरकारको यो लक्ष्य पनि विगतमा जस्तै कागजी कार्यक्रम साबित हुने खतरा छ । किनकि यहाँ कृषि उत्पादन र बजारबीचको तादाम्यता मिल्नै सकेको छैन । किसानका उत्पादनले कि त बजार नपाउने, बजार पाए उपयुक्त मूल्य नपाउने विरोधाभास अन्त्य हुनसकेको छैन ।

त्यसैगरी सरकारले औद्योगिक क्षेत्रको समग्र वातावरण सुधार गर्न उद्योग र लगानीसँग सम्बन्धित कानुन, प्रक्रिया तथा संरचना समयानुकूल बनाउने घोषणा गरेको छ । औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र र औद्योगिक ग्रामको निर्माण र सञ्चालनमा निजी क्षेत्रलाई आकर्षित गरिने नीति कार्यक्रममा उल्लेख गरिएको छ । तर, मुलुकको औद्योगीकरणका मुख्य समस्या पहिचान गरी त्यसको समाधान नगरी उद्योग धन्दा फस्टाउने अवस्था भने देखिँदैन ।

अहिले मुलुकमा औद्योगिक क्षेत्रमा गरिने लगानीको प्रतिफलको कुनै सुनिश्चितता छैन । जसका कारण औद्योगिक लगानी भित्रिन सकेको छैन । अनि औद्योगिक क्षेत्रले अर्थतन्त्रमा गर्ने योगदानको अनुपात पनि स्थिर र खुम्चिंदो क्रममा रहेको छ । मुलुकको आर्थिक सर्वेक्षणले उल्लेख गरे अनुसार गत वर्ष कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान केवल १३ प्रतिशत रहेको छ । त्यसैगरी कृषि क्षेत्रको योगदान २४.६ प्रतिशत र सेवा क्षेत्रको योगदान ६२.४ प्रतिशत रहेको छ ।

सन् २००१ यताको तथ्याङ्क हेर्दा सन् २००२ र २००३ मा औद्योगिक क्षेत्रको योगदानले अधिकतम १७ प्रतिशतको विन्दु पार गरेको देखिन्छ । तर, पछिल्लो वर्ष सन् २०२३ मा भने सो योगदान न्यूनतम विन्दु (१३ प्रतिशत) रहेको देखिन्छ । सरकारले उद्यमशीलता विकास र स्वरोजगार प्रवर्द्धनका विभिन्न कार्यक्रम वर्षेनि ल्याएको हुन्छ, तर त्यसको प्रभावकारी कार्यान्वयन भने सधैंको समस्या बन्ने गरेको छ ।

यस वर्ष पनि सरकारले स्वदेशी उत्पादनको प्रवर्द्धनका लागि भन्दै 'मेक इन नेपाल' र 'मेड इन नेपाल' अभियानलाई प्रवर्द्धन गर्ने नीति अगाडि सारेको देखिन्छ । तर, हामीले के-कस्ता उत्पादनहरूमा उल्लेख्य मूल्यवृद्धि (भ्यालु एड) गर्न सक्छौं ? अनि के-कस्ता सामानको सहजै बजार व्यवस्थापन गर्न सकिन्छ ? यी यावत् विषयहरूमा यथोचित अध्ययन अनुसन्धान हुनसकेको देखिँदैन । त्यसैले हाम्रो औद्योगिक र व्यावसायिक नीति पनि सफल हुनसकेको छैन ।

सरकारले जारी खानी तथा खनिज पदार्थको अन्वेषण, उत्खनन् र प्रशोधन कार्यमा स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्ने रणनीति लिएको देखिन्छ । तर, बढ्दो खनिज इन्धनको उपयोग र अन्य धातुजन्य पदार्थको आयातलाई प्रतिस्थापन गर्न सक्ने गरी खनिजजन्य वस्तुहरूको उत्खनन् र प्रशोधन कार्यमा अहिलेसम्म कुनै सफलता प्राप्त हुनसकेको छैन ।

मुलुकमा लगानी प्रवर्द्धनका साथै युवाहरूलाई उद्यमशील बनाउनका लागि नवप्रवर्तन र स्टार्टअप कार्यलाई राष्ट्रिय अभियान सञ्चालन गरी तीनै तहका सरकारले राष्ट्रिय स्टार्टअप उद्यम प्रवर्द्धनमा सहकार्य गर्ने कार्यक्रम ल्याएको छ । जुन निकै सकारात्मक हो ।

आगामी आर्थिक वर्षका लागि सरकारले कम्तीमा एक हजार लघु, घरेलु तथा साना उद्योगीलाई ब्याजमा अनुदान तथा प्रविधि उपलब्ध गराउने योजना ल्याएको छ, जुन नयाँ स्टार्टअपहरूका लागि निकै सकारात्मक कुरा हो । तर, यसको उपयोगमा सन्देह छ । किनकि विगतमा पनि यस्ता धेरै घोषणा केवल कागजी कार्यक्रम साबित भएका थुप्रै दृष्टान्त छन् । सरकारले राष्ट्रिय पूर्वाधार विकासमा अन्तर तह एवम् अन्तर निकाय समन्वय गर्ने उल्लेख गरेको छ । विगतमा यही समन्वय अभावका कारण हाम्रो पूर्वाधार विकास निकै हदसम्म बरालिन पुग्यो । गाउँ-गाउँमा पर्यटन एवम् भौतिक पूर्वाधार विकासका नाउँमा भ्यू टावर, स्वागतद्वार हुँदै कतै नमूना 'ग्रेट-वाल' त कतै कंक्रिटका जंगल प्रतीत हुने पार्कहरू निर्माण छ्याप्छ्याप्ती हुन पुगे ।

जनप्रतिनिधिको तजबिजी निर्णय र लहडकै भरमा योजनाहरू छनोट हुँदा केन्द्रदेखि स्थानीय तहसम्मको विकास बरालिन पुग्यो । त्यस्ता कंक्रिटमय विकासे योजनाले एक त पर्यावरणको विद्रुपीकरण भयो भने सबैभन्दा महत्वपूर्ण कुरा हामीसँग भएको सीमित स्रोत-साधन यस्तै फजुलका काममा खर्च हुन पुग्यो । अनि ती अनेकन् परियोजनाले संचालन खर्च समेत धान्न नसक्ने अवस्था आइपुगेको छ ।

यस्तै अनावश्यक प्रतीत हुने खर्च हो, स्थानीय तहहरूले निर्माण गरेका 'गाउँका सिंहदरबार' ! सरकारले हरेक स्थानीय तहको प्रशासकीय भवन निर्माण गर्ने नीति अवलम्बन गरे अनुरूप सबैजसो स्थानीय तहहरूले अनावश्यक रूपमा ठूलो र खर्चिलो प्रशासनिक भवन निर्माण गरिदिंदा त्यसले पनि ठूलो पैमानामा वित्तीय स्रोत खर्च हुन पुग्यो ।

आवश्यकता अनुसार मितव्ययी रूपले खर्च गर्नुपर्ने रकम मनोमानी तरिकाले ठूला संरचनाहरू निर्माणमा खर्च गरिंदा राज्यको ढुकुटी प्रभावित बन्न पुग्यो । त्यसकारण अब सरकारले भौतिक पूर्वाधार निर्माणका क्रममा स्थानीय र अन्तरनिकाय समन्वय गर्ने मात्र हैन, त्यसको आवश्यकता र औचित्यतामाथि पनि बृहत् विमर्श गरी स्थानीय सहभागितामा परियोजना छनोट गर्ने कार्यनीति अवलम्बन गर्न जरूरी देखिन्छ । साथै सरकारले गर्ने पूँजीगत खर्चको क्षमता बढाउँदै, उत्पादनशील क्षेत्रको पूर्वाधारमा त्यस्तो खर्च बढाउनु जरूरी हुन्छ । वैदेशिक रोजगारीबाट स्वदेश फिर्ता भएका रिटर्नीहरूलाई उद्यमशीलता कार्यक्रम, सरकारी तथा संगठित क्षेत्रमा कार्यरत अस्थायी, करार तथा ज्यालादारी कर्मचारीहरूलाई सामाजिक सुरक्षामा आबद्धता, युवालाई सीप विकास, वित्तीय साक्षरता एवम् उद्यमशीलता तालिमको व्यवस्था, प्रतिभावान् विद्यार्थीलाई फेलोसिपको व्यवस्था, प्रधानमन्त्री छोरी आत्मनिर्भर कार्यक्रम जस्ता केही कार्यक्रमहरू मार्फत सरकारले कल्याणकारी एवम् उद्यमशील चरित्र प्रदर्शन गर्न खोजेको देखिन्छ । तथापि यिनको सफल कार्यान्वयन र ती कार्यक्रमहरूलाई वितरणमुखी हुने जोमिखबाट बचाउँदै लक्षित उद्देश्य हासिल गर्नु चुनौतीपूर्ण छ ।

*(साभार: अनलाइनखबर)*

छानबिनमा यातायातका कर्मचारी :

# सवारी ज्यानका आरोपीलाई हिरासतमै लाइसेन्स, ७ हजार दिए ३ दिनमै



काठमाडौं/यातायात व्यवस्था विभागका कर्मचारीको मिलेमतोमा सवारी ज्यान मुद्दामा हिरासतमा रहेकालाई नक्कली लाइसेन्स बनाइदिनेदेखि छिटो लाइसेन्स प्रिन्ट गरिदिने नाममा असुली गर्नेसम्मको धन्दा हुने गरेको खुलेको छ ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले गरेको छुट्टाछुट्टै दुई अनुसन्धानबाट यातायात व्यवस्था विभागका कर्मचारीकै मिलेमतोमा लाइसेन्सको डिजिटल प्रणालीमा घुसपैठ गरेर यस्तो क्रियाकलाप भएको देखिएको ब्यूरोका एसपी होविन्द्र बोगटीले संचारकर्मीलाई बताए ।

सवारी ज्यान मुद्दामा पक्राउ परेका व्यक्तिलाई नक्कली लाइसेन्स बनाइदिएको आरोपमा पक्राउ परेका विभागका तीन कर्मचारीलाई जिल्ला अदालत, काठमाडौंले बुधबार धरौटीमा छाड्न आदेश दिएको छ ।

न्यायाधीश दुर्गालाल भुसालको इजलासले बुधबार तत्कालीन यातायात व्यवस्था विभागका कम्प्युटर इन्जिनियर सुरजप्रकाश अर्याल र यातायात व्यवस्था कार्यालय, बुटवलका कम्प्युटर अपरेटर नारायण प्रसाद पाण्डेलाई ५ लाख रुपैयाँ धरौटीमा छाड्न आदेश दिएको हो ।

अदालतले विभागका कम्प्युटर अपरेटर हरिशप्रसाद भट्टसँग भने २ लाख रुपैयाँ धरौटी माग गरेको छ । तर, भट्ट लाइसेन्स अनियमितताको अर्को प्रकरणमा पनि प्रतिवादी रहेकाले सीआईबीको हिरासतमै छन् ।

यो घटनामा रुपन्देहीका अकरामुद्दिन मुसलमान, शशांक बस्याल, थानेश्वर बस्याल र विचौलिया अरुण कार्की फरार छन् । सीआईबीका अनुसार, रुपन्देहीको तिलोत्तमा नगरपालिका-९ स्थित वनबाटिका सडक खण्डमा ३२ जेठ २०८० मा कारले ठक्कर दिँदा पैदलयात्रु ६४ वर्षका कृष्णप्रसाद भट्टराईको मृत्यु भएको थियो ।

पाल्पाका शशांक बस्यालले चलाएको लु ३ च ७३१६ नम्बरको कारले ठक्कर दिँदा गम्भीर घाइते उनको उपचारका क्रममा चौराहा हस्पिटल, बुटवलमा मृत्यु भएको थियो ।

तर, त्यसबेला उनीसँग स्कुटर र मोटरसाइकल मात्र चलाउन मिल्ने 'ए' वर्गको सवारी चालक अनुमति पत्र थियो ।

विचौलियासँग मिलेमतो पछि सरकारी वकिलको कार्यालयमा गरेको बयानका क्रममा भने उनले 'ए' र 'बी' वर्गको सवारी चालक अनुमति पत्र रहेको खुलाएका थिए । इलाका प्रहरी कार्यालय, बुटवलका तत्कालीन अनुसन्धान अधिकृत प्रकाश खत्रीले सीआईबीसँग बताएअनुसार, त्यसबेला ०१-०८-०११६५५०४ नम्बरको 'ए' र 'बी' वर्गको लाइसेन्समा शशांकको नाम देखिएको थियो ।

तर, लाइसेन्स अनियमिता बारे छानबिन गर्न विभागले सूचना प्रविधि निर्देशक मुकेश रेग्मीको नेतृत्वमा बनाएको छानबिन समितिले अध्ययन गर्दा शिवपुजन मलाहको 'ए' र 'बी' वर्गको सवारी चालक अनुमति पत्र नम्बर ०१-०८-०११६५५०४ मा कैफियत फेला परेको थियो ।

यातायात व्यवस्था विभागका महानिर्देशक उद्धवप्रसाद रिजालका अनुसार लाइसेन्स जारी गर्दा नियम प्रक्रिया नपुऱ्याई कीर्ते कागजातको आधारमा जारी गरेको भन्ने उजुरी आएपछि आन्तरिक छानबिन समिति गठन गरिएको थियो ।

समितिले फेला पारेको तथ्यका आधारमा थप अनुसन्धान गर्न सीआईबीलाई पत्राचार गरिएको थियो । समितिका सदस्य सबिन श्रेष्ठले सीआईबीमा गरिदिएको कागजमा छानबिनका क्रममा मलाहको लाइसेन्सको विवरण मेटाएर शशांक बस्यालको विवरण राखेर लाइसेन्स जारी गरेको देखिएको खुलाएका थिए ।

'प्राविधिक जाँच गर्दा मलाहको नाम, थर, ठेगाना, फोटो सहितको बायोमेट्रिक लगायतको सम्पूर्ण विवरण मेटाएर बस्यालको नाममा कायम गरेको खुलेको थियो', उनी भन्छन्, 'यातायात व्यवस्था कार्यालय दाङ, बुटवल र यातायात व्यवस्था विभागको डेटावेशमा सच्याएर यो काम भएको खुलेको थियो ।'

यातायात व्यवस्था विभागमा सवारी चालक अनुमति पत्र प्रिन्ट गर्ने शाखाको प्रमुखमा कम्प्युटर अधिकृत हरिश भट्ट कार्यरत थिए । सीआईबीको अनुसन्धानका क्रममा भट्टको बैंक खातामा अस्वभाविक कारोबार भएको समेत देखिएको छ । ब्यूरोका एसपी बोगटीका अनुसार, उनको खातामा पछिल्लो समय ३८ लाख रुपैयाँ बराबरको कारोबार भएको छ ।

तर, भट्टले प्रहरीसँगको बयानमा आफूले पैतृक सम्पत्ति बिक्री गरेर ४१ लाख रुपैयाँ सुजुकी ड्राइभिङ स्कुलमा शेयरवापत लगानी गरेको दाबी गरेका छन् ।

'२०७१/७२ सालतिर लगानी गरेको र त्यसवापतको मुनाफा खातामा राखिदिने गरेको र मेरो तलब भत्ता लगायतका आय स्रोत पनि यही खातामा आउने हो', उनले भनेका छन्, 'सोही गरी जम्मा भएको रकमको ४५ लाख रुपैयाँ नेपाल इन्भेष्टमेन्ट मेगा बैंकमा फिक्स डिपोजिट गरी राखेको छु ।' उनले अनियमितामा आफ्नो संलग्नता नरहेको दाबी समेत गरेका छन् ।

पक्राउ परेका यातायात व्यवस्था कार्यालय, बुटवलका सहायक कम्प्युटर अपरेटर नारायणप्रसाद पाण्डेले भने बस्यालसँग चिनजान नभएपनि जन्ममिति परिवर्तन गरि दिएको स्वीकारेका छन् ।

'कार्यालयमा काम लिएर आइरहने क्रममा चिनजान भएका बुटवालमा बस्ने अरुण कार्कीले फोन गरेर बस्यालको जन्ममिति परिवर्तन गरिदिनु पऱ्यो फरक पर्न गएको रहेछ भनेका थिए', पाण्डेले प्रहरीसँग भनेका छन्, 'त्यसपछि चिनजानको मान्छे भएको हुँदा उनको कुरा काट्न नसकेर जन्ममिति परिवर्तन गरि दिएको हुँ ।'

आफ्नो युजरबाट फोटो परिवर्तन भएको कुरा चाहिँ थाहा नभएको भनेका छन् । 'कार्कीले बेलाबेलामा यस्तो कामहरु गरिदिन लगाउँथे, सामान्य होला भनेर मैले गरेको हुँ', उनको दाबी छ, 'यसमा मैले कुनै फाइदा लिएको छैन ।'

प्रहरीले डिजिटल फरेन्सिक ल्याबबाट रिकभर गरेको पाण्डे र भट्टको मोबाइलबाट डिलिट गरिएका फाइलहरुमा बस्यालको लाइसेन्सको विवरण समेत फेला परेको थियो । प्रहरीका अनुसार, भट्टले बस्यालको लाइसेन्स प्रिन्ट गर्न सहयोग गरिदिएको अनुसन्धानबाट खुलेको थियो ।

सीआईबीका एसपी बोगटीका अनुसार, अनुसन्धानका क्रममा कीर्ते गरेर बस्यालको लाइसेन्स तयार गर्नेबित्तिकै १३ असार २०८० मा द्रुतमार्गबाट लाइसेन्स छपाइ भएको देखिएको छ । जबकि, अध्ययन, वैदेशिक रोजगारी र शान्ति सेनामा जानेका लागि मात्र द्रुत लाइसेन्स प्रिन्ट गर्ने व्यवस्था गरिएको थियो । द्रुत लाइसेन्स छपाइका लागि अनलाइनबाट आवेदन दिनुपर्ने व्यवस्था छ ।

एसपी बोगटीका अनुसार, यो सेवामार्फत सर्वसाधारणसँग प्रतिव्यक्ति ७ हजार रुपैयाँ दिएर लाइसेन्स बनाइदिने गरेको खुलेको छ । 'यो विषयमा छुट्टै अनुसन्धानपछि बुधबार जिल्ला सरकारी वकिलको कार्यालयमा रायसहितको प्रतिवेदन बुझाएका छौं', बोगटीले भने, 'यसमा कम्प्युटर अपरेटर भट्टसहित ७ जना प्रतिवादी छन् ।'

प्रहरीले यातायात व्यवस्था विभागका कर्मचारी गीता भण्डारी, वसन्त पाण्डे, दीपा न्यौपाने, गणेश भण्डारी र डिल्ली चौधरीलाई प्रतिवादी बनाउन राय दिएको छ । द्रुत लाइसेन्स प्रिन्ट गर्ने अधिकार भट्टलाई भएकाले उनले विचौलियासँगको मिलेमतोमा सयौंलाई लाइसेन्स वितरण गरेको पाइएको प्रहरी बताउँछ । सयौंलाई लाइसेन्स वितरण गरेको पाइएको प्रहरी बताउँछ ।

अहिले नियमित प्रक्रियाबाट लाइसेन्स पाउन लाइसेन्सको परीक्षा पास गरेका दुई वर्षसम्म कुर्नुपर्छ । 'त्यसैले छिटो प्रिन्ट गरिदिने भन्दै असुली हुने गरेको फेला पारेका छौं', बोगटी भन्छन् । सीआईबीका अर्का एक अनुसन्धान अधिकृतका अनुसार, अहिले ब्यूरोले लाइसेन्सको दुईवटा मुद्दामा मात्र अनुसन्धान सकेको हो ।

'लाइसेन्सका अन्य थुप्रै पाटामा पनि अनियमितता भएको देखिएका छन्, त्यसबारे छुट्टै अनुसन्धान सुरु हुन्छ', उनले भने, 'कतिपय घटनामा विगतका महानिर्देशकहरुको संलग्नताबारे पनि अनुसन्धान भइरहेको छ ।' हाल पक्राउ परेकाहरु विरुद्ध ब्यूरोले सरकारी लिखत कीर्तेको कसूरमा कानूनी प्रक्रिया अघि बढाएको छ ।

(स्रोत: अनलाइनखबर)

# 'पूजार सार्की'को फरक अभ्यास, सर्भे गरेर दर्शकलाई देखाइयो फिल्म



काठमाडौं/अक्सर फिल्म प्रदर्शनको संघारमा प्रिमियर गरिन्छ । यसको उद्देश्य भनेको तारिफ सुन्नु हो । र, फिल्मकर्मीहरु पनि यति इमानदार छन् कि हलमा निदाएर उठेको भए पनि मिडियाको अगाडि फुलबुट्टा भरिदिन्छन् । आजसम्म कुनै यस्तो प्रिमियर छैन, जहाँ कमी-कमजोरी औंल्याउने प्रयास गरिएको होस् । त्यसैले आजकाल प्रिमियरमा मिल्ने प्रतिक्रियालाई दर्शकले विश्वास गर्नै छाडेका छन् ।

बिहीबार अर्थात् बुद्ध जयन्तीको दिनबाट प्रदर्शनमा आउन लागेको फिल्म 'पूजार सार्की'ले भने फरक अभ्यास गरेको छ । यो फिल्मको टिम पनि प्रिमियरकै योजनामा थियो । तर, यसको कुनै औचित्य नदेखेपछि सर्भे गरेर दर्शकहरुलाई फिल्म देखाइएको छ । काठमाडौंका विभिन्न स्थानमा एक सय बढी दर्शकमाझ गरिएको सर्भेबाट छानिएका सयजना दर्शकलाई फिल्म देखाइएको हो ।

मंगलवार साँझ काठमाडौंको सिडिसी सिनेमा हलमा गरिएको विशेष शोमा सर्भेबाट छानिएका दर्शकसहित निर्देशक दिनेश राउत, कलाकारहरु आर्यन सिग्देल, प्रदीप खड्का, निर्माता सुभाष भुसाल लगायतको पनि उपस्थिति रहेको थियो । फिल्म हेरेका दर्शकले सानदार प्रतिक्रिया दिएका छन् । उनीहरुले फिल्मले उठाएको विषय, कलाकारहरुको अभिनय र निर्देशकीय पक्षको प्रशंसा गरे ।

यसरी रिलिज नहुँदै फिल्म देखाइनुको उद्देश्य दर्शकको दृष्टिकोणबारे बुझ्न, फिल्मबारे दर्शकले बुझेको कुरा थाहा पाउन, दर्शकको प्रतिक्रियाबाट आएका सुझावहरूलाई मनन गरेर दर्शकको चाहनाअनुरूप सुधार गर्नु रहेको निर्देशक राउतले बताए । दर्शकहरुको प्रतिक्रियाले उत्साह र हौसला थपिएको उनको भनाई छ । फिल्मले जातीय विभेदविरुद्ध संघर्ष गर्ने तीन पात्रको कथा उठाएको छ ।

फिल्मको मल्टीप्लेक्सहरूमा बुकिङ खुलिसकेको छ । उच्च शोज पाएको फिल्मको बुकिङ ट्रेन्ड राम्रो देखिन्छ । केही हलका शोज 'सोल्डआउट' भइसकेका छन् । अब फिल्मलाई 'वर्ड अफ माउथ' कस्तो प्राप्त हुन्छ, त्यो महत्त्वपूर्ण रहनेछ ।

फिल्ममा तीन स्टार अभिनेताहरु आर्यन सिग्देल, प्रदीप खड्का र पल शाहको मुख्य भूमिका रहेकाले त्यसको प्रभाव व्यापारमा पर्नसक्ने आँकलन छ ।

# हाम्रो इन्डस्ट्री बचाउने हो भने 'ग्लोबली' जानैपर्छ : नवीन सुब्बा




काठमाडौं/थोरै तर लामो आयुको फिल्म दिने निर्देशकको रुपमा चिनिन्छन्, नवीन सुब्बा । उनले निर्देशन गरेको फिल्म 'नुमाफुङ'लाई नेपाली फिल्मको एक गर्विलो दस्तावेज मानिन्छ । 'खाङ्गी : द माउन्टेन'मार्फत नेपाली फिल्मलाई पहिलोपटक अन्तर्राष्ट्रिय फेस्टिभलमा पुऱ्याउने श्रेय पनि नवीनलाई नै जान्छ । तर, उनको एउटा फिल्मका लागि 'जुग' कुर्नुपर्छ । उस्तै परे एक दशकमा एउटा आउँछ ।

पछिल्लोपटक सुब्बाले बनाएको फिल्म 'गुडबाई काठमाडौं' थियो । तर, यो फिल्म नेपालका हलमा प्रदर्शन नै भएको छैन । यद्यपि, विभिन्न अन्तर्राष्ट्रिय फेस्टिभलमा पुगेको थियो । करिब २४ वर्षपछि उनको नयाँ फिल्म हलमा लाग्दैछ । त्यो फिल्म हो, 'गाउँ आएको बाटो ।' यही जेठ २५ गतेदेखि प्रदर्शन हुन लागेको फिल्मले करिब २० वटा अन्तर्राष्ट्रिय फेस्टिभलमा सहभागिता जनाइसकेको छ ।

पछिल्लो समय फेस्टिभल चहार्ने फिल्म बुझ्न गाह्रो हुन्छ भन्ने भाष्य बनेको देखिन्छ । तर, 'गाउँ आएको बाटो' सरल रहेको निर्देशक सुब्बा दाबी गर्छन् । उनी भन्छन्, 'एकदमै सरल कथा छ । बाबुले सन्तानप्रति गरेको योगदानको कथा हो । रमाइलो फिल्म बनेको छ । धेरैलाई फेस्टिभलमा जाने फिल्म गम्भीर हुन्छ, बुझ्न कठीन हुन्छ भन्ने लाग्छ । तर, फिल्म त्यस्तो छैन । अत्यन्त साधारण छ ।'

मुम्बईमा प्रदर्शन हुँदा भारतीय दर्शकहरुले समेत फिल्म र माइलो मानेको उनले स्मरण गरे । 'फिल्मको मुम्बईमा प्रदर्शन हुँदा त्यहाँ दर्शकहरुले सिठ्ठी फुकेर रमाइलो मानेका थिए । त्यसैले संसारभरका दर्शकलाई 'कनेक्ट' गर्छ भने हामीलाई पनि सजिलै 'कनेक्ट' हुन्छ । त्यो विश्वास छ । नेपाली फिल्म 'ग्लोबल' अडियन्ससँग जोडिनुपर्छ र त्यसको एउटा कडी यो फिल्म हो,' उनले भनेका छन् ।

उनलाई नेपाली फिल्म इन्डस्ट्री बचाउनका लागि 'ग्लोबल' अडियन्समा जानैपर्छ भन्ने लाग्छ । 'हाम्रो इन्डस्ट्री बचाउने हो भने ग्लोबल अडियन्स र नेपालको अडियन्सलाई जोड्नुपर्छ । हामी ग्लोबल अडियन्समा जान जरुरी छ,' उनी थप्छन्, 'हामीले कोरियन, टर्किस फिल्महरु मज्जाले हेरिरहेका छौं । हाम्रो फिल्म चाहिँ विश्व बजारमा किन नजाने ? इन्डस्ट्री बचाउने हो भने 'ग्लोबली' त जानैपर्छ ।'

घरेलु दर्शकलाई लक्षित गरेर बनेका फिल्म पनि 'ग्लोबली' जानुपर्छ भन्ने सुब्बालाई लाग्छ । बलिउड निर्देशक करण जोहरले आफ्नो फिल्म 'रकी और रानी' लिएर फेस्टिभल पुगेको स्मरण गर्दै उनले भने, 'करण जोहर जान्छन् भने हाम्रा रामबाबु गुरुङ, दीपकराज गिरी, प्रदीप भट्टराईहरु किन नजाने ? तर, बलिउड र मद्रासी जस्तो फिल्म बनाएर हामी त्यहाँ जानेवाला छैनौं । त्यो सम्भव छैन ।'

नेपाली फिल्मलाई अन्तर्राष्ट्रिय बजारमा लैजान पहिला आफ्नो मौलिकता निर्माण गर्नुपर्छ भन्ने उनको तर्क छ । अहिले मौलिकताको खोजी भइरहेको भए पनि त्यतिले नपुग्ने उनको धारणा छ । 'अब हामीले हाम्रो मौलिकता निर्माण गर्नुपर्छ । जसरी कोरियनहरुले गरे । हाम्रो शक्ति के हो पहिला त्यो पहिल्याउनुपर्छ । त्यसका लागि फिल्ममा हरेक समुदायको कथा आउन जरुरी छ,' सुब्बा भन्छन् ।

# सरकारविरुद्ध सडक प्रदर्शन गर्ने कांग्रेसको निर्णय

काठमाडौं/सहकारीको रकम अपचलनका विषयमा गृहमन्त्री रवि लामिछानेमाथि छानबिनको माग गर्दै संसद अवरोध गर्दै आएको नेपाली कांग्रेसले अब सडक आन्दोलन पनि गर्ने भएको छ ।

बुधबार केन्द्रीय समिति र संसदीय दलको संयुक्त बैठकले सरकारविरुद्ध सडक प्रदर्शन गर्ने निर्णय गरेको प्रवक्ता डा. प्रकाशशरण महतले जानकारी दिए । सहकारीको रकम अपचलनमा गृहमन्त्री रवि लामिछानेको संलग्नताका विषयमा छानबिनका लागि संसदीय समिति गठन गर्ने मागमा सरकार गम्भीर नभएको कांग्रेसको ठहर छ ।

त्यसविरुद्ध कांग्रेसले आगामी आइतबार अर्थात १३ जेठमा काठमाडौंमा सडक प्रदर्शन राखेको छ । गृहमन्त्री लामिछानेमाथि संसदीय छानबिन, गृहमन्त्री लामिछानेले कांग्रेस नेताहरुमाथि लगाएको आरोपको विरोध, सहकारीका बचतकर्ताको वचत फिर्ता, गिरीबन्धु टी इस्टेटको जग्गा घोटाला लगायतका विषय उठाएर सडक प्रदर्शन गर्ने नेताहरुले बताएका छन् ।

बुधबार पार्टी कार्यालय सानेपामा बसेको बैठकमा महामन्त्री गगन थापाले कांग्रेसले संसदमा खेलिरहेको भूमिका र संसदीय दलमा भएका छलफल बारे जानकारी गराएका थिए । प्रमुख सचेतक रमेश लेखकले कांग्रेसले जायज माग उठाउँदा पनि सत्तापक्षले अटेरी गरेको बताए ।

कांग्रेस बैठकमा आगामी शुक्रबार प्रदर्शन गर्नेबारे छलफल भएको थियो । तर उपत्यकाका तीन जिल्ला सभापतिले शुक्रबारलाई तयारी अपुग हुने सुझाव दिएका थिए । प्रवक्ता डा. महतले सहकारीको रकम अपचलनको विषय उठाएर पीडितको पक्षमा सडक आन्दोलन गर्ने निर्णय भएको बताए । 'सहकारीको रकम अपचलनको छानबिन हुनुपर्दछ । सुरक्षा निकायबाट छानबिन नहुने भयो', महतले भने ।

आइतबार काठमाडौंमा विरोध प्रदर्शनपछि सडक आन्दोलनलाई प्रदेशस्तरमा पनि पुऱ्याउने कांग्रेसको तयारी छ । बुधबारको बैठकमा नेता कृष्णप्रसाद सिटौलाले आन्दोलनलाई सातै प्रदेशमा पुऱ्याउनुपर्ने विचार राखेका थिए ।

'व्यवस्थित आन्दोलन गर्नुपर्छ, सहकारी पीडितलाई न्यायको माग गर्दै प्रदर्शन सात प्रदेशमै पुऱ्याउनुपर्छ', उनको भनाई उधृत गर्दै एक नेताले भने ।

कांग्रेस बैठकमा गृहमन्त्री लामिछानेको राजीनामाको विषय पनि उठेको छ । सहकारीको रकम अपचलन, अमर्यादित बोली जस्ता कारणले उनले व्यवहार पदीय भूमिका अनुसार नभएको नेताहरुले बताएका छन् ।

'गृहमन्त्रीमाथि छानबिन समितिको मात्रै माग गरेर हुँदैन । अब राजीनामा माग्ने बेला भयो', केन्द्रीय सदस्य नैनसिंह महरले बैठकमा भने । महरले गृहमन्त्रीलाई प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र एमाले अध्यक्ष केपी शर्मा ओलीको आडभरोसा रहेकाले उनीहरुमाथि पनि प्रश्न उठाउनुपर्ने धारणा राखेका छन् ।

सांसद प्रतिमा गौतमले गृहमन्त्रीको बोली अराजनीतिक र अराजक शैलीको भएकाले अब कांग्रेसले उनको राजीनामालाई बटमलाइन बनाउनुपर्ने बताइन् ।

सत्तापक्षले संसदको सबैभन्दा ठूलो दललाई हेपेको र पेलेर सदन चलाउने आँट गरेकाले सरकार माथिको दबाब नपुगेको नेताहरुले बताएका थिए । २८ वैशाखबाट सुरु भएको बजेट अधिवेशनमा नीति तथा कार्यक्रम बाहेकका कार्यसूचीमा कांग्रेसले अवरोध गरिरहेको छ । तर सभामुख देवराज घिमिरेले अवरोधकै बीच संसदलाई कार्यसूचीमा अगाडि बढाइरहेका छन् । कांग्रेस बैठकमा नेताहरुले सभामुख निष्पक्ष हुन नसकेको पनि बताएका छन् ।

केन्द्रीय सदस्य अजयबाबु शिवाकोटीले गृहमन्त्री लामिछानेले शक्तिको दुरुपयोग गरेर डरको साम्राज्य खडा गरेको बताए । उनले बैठकमा भने, 'गृहमन्त्रीले डरको साम्राज्य विस्तार गरेका छन् । दोहोरो पासपोर्ट लिएका उनले अरु विरुद्ध कारबाही गर्ने नैतिकता छैन ।'

बैठकमा गिरीबन्धु टी इस्टेटको जग्गा घोटालाको विषय उठाउनुपर्ने आवाज उठेको शिवाकोटीले बताए ।

(स्रोत: अनलाइनखबर)

# काठमाडौं महानगरका सबै पेट्रोल पम्पमा निःशुल्क शौचालय

काठमाडौं/काठमाडौं महानगरपालिकाले पेट्रोलपम्पलाई एकै किसिमको बनाउँदै आवश्यक मापदण्डमा ल्याउने प्रयास गरेको छ । महानगरभित्र रहेका पेट्रोल पम्पहरूमा पहेँलो रङ लगाएर पहिचान सहित सुधारको काम गरि रहेको हो । महानगरका अनुसार तत्काल, मध्यकाल र दीर्घकाल गरी तीन चरणमा गरी पेट्रोल पम्पलाई सुधारका काम भइरहेको छ ।

तत्काल सुधार गर्न सकिने कामको अध्ययन गर्न महानगरको संयोजकत्वमा नेपाल आयल निगम, सडक विभाग, नेपाली सेना, नेपाल प्रहरी, उपत्यका ट्राफिक प्रहरी, सडक विभाग, जिल्ला प्रशासन कार्यालय, पेट्रोलियम डिलर्स एसोसिएसनका प्रतिनिधिसहित टोलीले प्रतिवेदन दिएको थियो ।

प्रतिवेदनका सुझावका आधारमा अहिले महानगरले आफ्नो क्षेत्रभित्रका सबै पेट्रोल पम्पको पहिचान गर्न पहेँलो रङको बनाएको छ । महानगरका मेयर बालेन्द्र (बालेन) साहका अनुसार पम्पहरूले सबैका लागि सफा शौचालय निःशुल्क उपलब्ध गराइसकेका छन् ।

महानगरले प्रतिवेदनकै आधारमा भाडाका सवारीसाधन चालक तथा सहचालकले आफूखुसी नोजल समाउने र इन्धन भर्ने काममा प्रतिबन्ध लगाएको छ ।

**हरियालीदेखि पीपीईसम्म**

'हरियाली नदेखिएको, भएका गमलामा पनि फूल नभएको, अग्नि सुरक्षा उपकरणहरू दुरुस्त नभएको, अग्नि सुरक्षा उपकरण सञ्चालन विधि तथा ती उपकरणको कामबारे शिक्षा र प्रयोग विधि थाहा नपाएको, पम्पका भित्ताहरूमा विभिन्न ब्रान्डका विज्ञापन तथा भित्ते लेखन गरेर कुरूप बनाइएको थियो । पम्पहरूमा पर्याप्त शौचालय र युरिनल थिएनन् । यी अवस्थामा सुधारका काम भइरहेका छन्,' मेयर बालेनले भनेका छन् ।

इन्धन भर्न बस्ने नोजल ब्वाईले सुरक्षाका लागि खैरो रङको व्यक्तिगत सुरक्षा पोसाक/सामग्री (पीपीई) लगाउने प्रतिबद्धता कार्यान्वयन चरणमा रहेको महानगरले जनाएको छ । महानगरका अनुसार काठमाडौं जिल्लामा करिब १ सय २३ पेट्रोल पम्प छन् । तीमध्ये काठमाडौं महानगर बागमती पेट्रोलियम डिलर्स एसोसिएसनमा दर्ता ५० पम्प छन् ।

अहिले काठमाडौं महानगरभित्रका सबै ५० पेट्रोल पम्पमा २ देखि ६ वटासम्म निःशुल्क शौचालय सर्वसाधारणका लागि खुला गरिएको महानगरले जनाएको छ ।

**पम्प सञ्चालनका आधारभूत मापदण्ड**

पेट्रोल पम्प चलाउन विभिन्न मापदण्ड आवश्यक पर्छन् । 'पेट्रोलियम पदार्थ विक्रेता नियमावली २०७५ (प्रथम संशोधनसहित)' अनुसार काठमाडौं र ललितपुर महानगरभित्र पेट्रोल पम्प सञ्चालन गर्न ७ सय ५० वर्गमिटर वा १ रोपनी ८ आना क्षेत्रफल भएको जग्गा आवश्यक पर्छ । यसमा सडकतर्फको मोहडा कम्तीमा २० मिटर हुनुपर्छ ।

(स्रोत: अनलाइनखबर)

# 'गजनी'का लागि सलमान थिए पहिलो रोजाई

काठमाडौं/सन् २००८ मा आएको सफल फिल्म 'गजनी'लाई अभिनेता आमिर खानको करिअरको कोशेढुंगा मानिन्छ । यसमा उनले निभाएको चरित्र र अभिनय प्रभावशाली थियो । सन् २००५ मा आएको तमिल अभिनेता सूर्या स्टार र फिल्म 'गजनी'को हिन्दी रिमेकको रुपमा बनेको यो फिल्म सय करोड कमाउने पहिलो बलिउड फिल्म समेत हो । यसको विश्वव्यापी कमाई मात्र ३ सय करोडमाथि थियो ।

तर, 'गजनी'का लागि आमिर पहिलो रोजाई थिएनन् । तमिल भर्सनको समेत निर्देशन गरेका एआर मुर्गदास यसको हिन्दी रिमेकमा अभिनेता सलमान खानलाई लिन चाहन्थे । तर, 'गजनी'को हिन्दी र तमिल दुवै भर्सनमा भिलेनको भूमिका निभाएका प्रदीप रावतले निर्देशक मुर्गदासलाई आमिरको नाम सुझाएका थिए । हालै एक अन्तर्वार्ताको क्रममा उनी स्वयंले यो कुराको खुलासा गरेका हुन् ।

'मुरुगादास यसको हिन्दी रिमेकमा सलमानलाई लिन चाहन्थे । त्यसबेला मलाई मनमा लाग्यो कि सलमान रिसाहा छन् र मुरुगादास अंग्रेजी या हिन्दीमा कुरा गर्दैनन् । त्यतिबेला मुरुगादासको कुनै पर्सनालिटी पनि थिएन । यसैले सलमानलाई सम्हाल्न सकिँदैन भन्ने मलाई लाग्यो । छायांकनको बेला बिना कारण कुनै समस्या आउनसक्छ भनेर आमिरलाई लिन सुझाव दिएँ,' प्रदीपले भनेका छन् । 'गजनी'भन्दा अगाडि आमिरसँग प्रदीपले सन् १९९९ मा आएको फिल्म 'सरफरोश'मा काम गरेका थिए । त्यसबेला उनलाई आमिर शान्त स्वभावको लागेको थियो । यसैले 'गजनी'का लागि उनले आमिरको नाम मुरुगादासलाई सिफारिस गरेका थिए । उनी भन्छन्, 'मलाई लाग्यो कि आमिर नै यो चरित्रका लागि सही हुन्छन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# अपाङ्गतामैत्री पर्यटन प्रवर्द्धनसम्बन्धी अभिमुखीकरण

साझाकुरा संवाददाता

हेटौंडा, ९ जेठ/ बागमती प्रदेशसभा सदस्य सुष्मा भुजेलले नागरिकको सुझाव सरकारले सुन्नेमात्रै हैन कार्यान्वयमा ल्याउनु पर्ने बताएकी छिन् ।

बिबिधतायुक्त नागरिकको अनुभवबाट कानुन नै फेर्न सकिने व्यवस्था भएकोले सरकारले नागरिकसँग जोडिने गरी नीति निर्माण गर्नुपर्ने उनले बताइन् । सरकार अपाङ्गतामैत्री सवाललाई विशेष संवेदनशील हुनुपर्ने उनले बताइन् । हेटौंडामा भएको अपाङ्गतामैत्री पर्यटन प्रवर्द्धनसम्बन्धी अभिमुखीकरण कार्यक्रममा सांसद भुजेलले यस्तो बताएकी हुन् ।

राष्ट्रिय अपाङ्ग महासंघको आयोजना र संस्कृति पर्यटन तथा सहकारी मन्त्रालयको सहकार्यमा सांसद भुजेलले अब बन्ने नीति बिधिमा अपाङ्गताको क्षेत्रबाट प्राप्त सुझावलाई समेट्ने प्रतिवद्धता व्यक्त गरिन् । अपाङ्गताको सवालमा अभिभावकलाई समेत परामर्श आवश्यक भएको उनले बताइन् । पर्यटकीय क्षेत्र अपाङ्गमैत्री भए नभएको अनुगमनपछि आवश्यक सुझावको लागि कार्यक्रम गरिएको राष्ट्रिय अपाङ्ग महासंघ बागमती प्रदेश अध्यक्ष



अश्विन लम्सालले बताए ।

'हरेका क्षेत्र अपाङ्गमैत्री हुनु आवश्यक छ, पर्यटकीय क्षेत्रमा पनि सहजै पहुँच राख्न पाउने हाम्रो पनि अधिकार हो,' अध्यक्ष लम्सालले भने । प्रदेशको विभिन्न जिल्लाका सरोकारवालाको उपस्थिति रहेको कार्यक्रममा पर्यटकीय क्षेत्रमा अपाङ्गता र पहुँचयुक्तता, पहुँचयुक्त पर्यटन पूर्वाधार विकास, पर्यटकीय क्षेत्र हेटौंडा शहिदस्मारकको हालको अवस्था, सुधार गर्नुपर्ने पक्षहरु, अपाङ्गतामैत्री, पहुँचयुक्त पर्यटन प्रवर्द्धनको सम्भावना, चुनौती र फाइदा, पहुँचयुक्त पर्यटन प्रवर्द्धनमा अपाङ्गता भएका व्यक्तिको आवश्यकतालगायतको सवालमा प्रस्तुती तथा छलफल गरिएको महासंघ प्रदेश व्यवस्थापक सीता मल्ल ठकुरीले बताइन् ।

कार्यक्रमको उद्घाटनमा बागमती प्रदेश सहकारी विकास बोर्डका उपाध्यक्ष नारायण देवकोटा, मानवअधिकार आयोग बागमती प्रदेशप्रमुख रेवा रेग्मी, राष्ट्रिय अपाङ्ग महासंघका महासचिव सुगम भट्टराई, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानलगायतको उपस्थिति रहेको थियो ।

# जनप्रिय माविमा नमूना निर्वाचन सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, ९ जेठ/हेटौंडा-१६ मा रहेको जनप्रिय माध्यमिक विद्यालयमा प्रत्यक्ष निर्वाचनको झल्को दिने नमूना निर्वाचन भएको छ । सामाजिक विषयको निर्वाचन सम्वन्धी विषयवस्तु पठनपाठन गर्न नमूना निर्वाचन अभ्यासस्वरुप यस्तो निर्वाचन गरिएको हो ।

नमूना कार्यक्रम भएपनि निर्वाचनमार्फत विद्यार्थीले विद्यालयका लागि आवश्यक कप्तान तथा उपकप्तान तथा सदनगत कप्तान एवम् उपकप्तान निर्वाचित गरेका छन् । प्रत्यक्ष निर्वाचनमार्फत विद्यालय कप्तानका लागि अंग्रेजी माध्यममा कक्षा ९ मा अध्ययनरत एरोन चौलागाई २ सय ८९ मतले विजयी भएका छन् । उनका निकटतम प्रतिद्वन्दी कक्षा ९ मा अध्ययनरत राजन गोलेले २ सय ६९ मत प्राप्त गरेका थिए ।

विद्यालय उपकप्तानका लागि ४ जना प्रतिस्पर्धीमध्ये अंग्रेजी माध्यमकै बिपासना गुरुङ विजयी भएकी हुन् । उनकी नीकटतम प्रतिद्वन्दी नेपाली माध्यम कक्षा ९ मा अध्ययनरत छात्रा सानीयाँ राईले १ सय ३० मत प्राप्त गरेकी थिइन् । निर्वाचन प्रक्रियामार्फत नै विद्यालयका सदनगत कप्तान तथा उपकप्तान पनि निर्वाचित भएका छन् । जसअन्तर्गत रातो, हरियो, नीलो तथा पहेँलो सदनका कप्तान उपकप्तानबीच प्रतिस्पर्धा भएको थियो ।

रातो सदनबाट कप्तान र उपकप्तानमा क्रमश: प्रख्यात लामा र नमूना गौतम विजयी भएका हुन् भने हरियो सदनबाट सम्मृद्धि गौतम र करिस्ता दाहाल विजेता भएका थिए । त्यसैगरी पहेलो सदनबाट कप्तान तथा उपकप्तानमा क्रमश: यूनिक आचार्य र अनिमा महर्जन विजयी भएका थिए भने नीलो सदनबाट नमूना श्रेष्ठ र संवत् तिमल्सेना विजयी भएका हुन् ।

निर्वाचनमा पूरा गर्नुपर्ने उम्वेदवारी दर्तादेखि दावी बिरोध, उम्वेद्वारी फिर्ता, प्रचारप्रसार, मौनअवधी, मतदान अघि र पछिको मूचूल्का प्रक्रिया, मतगणना प्रतिनिधि जस्ता सबै प्रक्रियाहरु पूरा गरिएको थियो । मतगणनाको प्रत्यक्ष जानकारी माइकिङ गरेर दिइँदै विद्यार्थीमाझ आमनिर्वाचनको झल्को दिइएको थियो । नमूना निर्वाचनमा हेटौंडा-१६ का अध्यक्ष एवम् हेटौंडा उपमहानगरका सामाजिक विकास संयोजक रामकृष्ण कोईरालाको प्रमूख आतिथ्यता तथा विव्यस अध्यक्ष मोहनप्रसाद वस्ताकोटीको अध्यक्षतामा सम्पन्न भएको हो ।

# उपमेयर कप ब्याडमिन्टन सुरु

साझाकुरा संवाददाता

हेटौंडा, ९ जेठ/थाहा नगरपालिकामा बुधवारबाट पाचौं संस्करणको खुल्ला उपमेयर कप ब्याडमिन्टन प्रतियोगिता सुरु भएको छ । प्रतियोगितामा संग्राम खत्री र समराज पाखिनले उद्दब बिडारी र रामचन्द्र लामालाई पराजित गर्दै सेमीफाइनलमा प्रवेश गरेका छन् ।

यसैगरी, दोश्रो क्वाटर फाइनल खेलमा आग्रा स्पोर्ट्सका देवकुमार अर्याल र नरेन्द्र मोक्तानले रामचन्द्र कार्की र बिमल बिष्टलाई हराउँदै सेमिफाइनल प्रवेश गरेका छन् । बुधबार भएको तेस्रो खेलमा नबीन रायमाझी र सुबिन्द्रमान प्रधानलाई हराउदै शिखर क्लबका इशाक केसी र सुवाष थापा सेमिफाइनल प्रवेश गरेका छन् । अन्तिम क्वाटर फाइनलमा खेल थाहा नगरपालिकाका नबीन चौधरी र कबिन्द्र बडुले शिखर न्क्लबका सन्तोष कार्की र सुनिल बिष्टलाई पराजित गर्दै आफ्नो



समूहलाई सेमीफाईनलमा पुऱ्याउन सफल भए ।

सेमिफाइनलको पहिलो खेल बिहीबार बिहान ७ बजे आग्रा स्पोर्टसबिरुद्ध थाहा नगरपालिकाबीच हुनेछ । त्यसैगरी दोश्रो सेमीफाइनल खेल इशाक केसी र सुभाष थापाबिरुद्ध संग्राम खत्री र समराज पाखिनबीच हुनेछ भने फाइनल खेल ९ बजे हुने आयोजकले जनाएको छ ।

खेलकुद विकास समितिका अध्यक्ष टीकाराम स्याङतानको अध्यक्षतामा भएको कार्यक्रममा थाहा नगरपालिका मेयर बिष्णु बिष्टको प्रमुखआतिथ्यता रहेको थियो । प्रतियोगितामा १५ वटा टिमले सहभागिता जनाएका छन् । प्रतियोगितामा प्रथम हुनेले नगद २० हजारका साथै शिल्ड तथा मेडल प्राप्त गर्नेछन् भने दोश्रो र तेश्रो हुनेले १५ हजार नगद सहित मेडल प्राप्त गर्नेछन् ।

# मकवानपुरगढीबाट गोर्खा साइकल यात्रा गर्दै हेटौंडेली

साझाकुरा संवाददाता

हेटौंडा, ९ जेठ/ हिमालयन राइडर्स सोसाइटी मकवानपुरको आयोजनामा २५६७ औं बुद्धजयन्तीको अवसरमा दुईदिने साइकलयात्रा गरिने भएको छ । मकवानपुरगढी गाउँपालिका-२ को समन्वयमा आन्तरिक पर्यटन प्रवर्द्धनको निम्ति एतिहासिक मकवानपुर गढीदेखि गोरखा दरबारसम्म साइकलयात्रा गर्न लागेका हुन् ।

२५६७ औं बुद्धजयन्तीको अवसरमा आयोजना गरिएको साइकलयात्रा १२ जनाले सहभागिता जनाउन लागेको सोसाइटीका अध्यक्ष रामकुमार श्रेष्ठले जानकारी दिएका छन् । बुद्धजयन्तीको दिने मकवानपुर गढीबाट सुरु गरेको साइकलयात्रा शुक्रबार साँझ गोरखा दरबार पगेर समापन गरिने भएको छ । साइकलयात्रामा ६० वर्ष उमेर पार गरेका ४ जना, ५० वर्ष उमेर पार गरेका ४ जना, ४० वर्ष र ३० वर्ष उमेर पार गरेका २/२ जनाले सहभागिता जनाउने भएका छन् ।

साइकलयात्रामा सोसाइटीका संस्थापक अध्यक्ष चेतनाथ आचार्य, कोषाध्यक्ष लक्ष्मीचरन श्रेष्ठ सदस्य, बुद्धिबहादुर आलेमगर, अशोक जोशी, बरुण खतिवडा, सुरज लिम्बू, राजु थापामगर, दुर्गाप्रसाद लामिछाने, कीर्तम मानन्धर, प्रदीप थापाक्षेत्री, लेखनाथ ढकाल, नबराज नेपालले सहभागति जनाउन लागेका हुन् । सुरज लिम्बुले एकै हातले साइकल यात्रा गर्दैछन् । लिम्बु फरकक्षमता भएका ब्यक्ति हुन् । सोसाइटीले यसअघि रसुवागढी-ठोरी उत्तरदक्षिण र मेची-महाकाली साइकलयात्रा गरिसकेको छ ।

# सुनगाभाको स्थापना दिवस

साझाकुरा संवाददाता

हेटौंडा, ९ जेठ/हेटौंडा उपमहानगरपालिका-६ मा रहेको सुनगाभा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको २५ औं स्थापना दिवसको अवसरमा ६ जना जेष्ठ शेयर सदस्यालाई सम्मान गरेको छ ।

संस्थाका अध्यक्ष रामहरि न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रममा जेष्ठ शेयरसदस्य साधुराम चौलागाई, रामबाबु चौलागाई, मधुसुदन शर्मा, रामहरि आचार्य, अकल लामा र चन्द्रबहादुर मानन्धरलाई दोसल्ला र प्रमाणपत्रद्वारा सम्मान गरेको हो ।

सहकारी संस्थाद्धारा सञ्चालित सुनगाभा शिक्षा निकेतन विद्यालयको पनि २५ औं स्थापना दिवस मनाइएको छ । विद्यालयका प्रिन्सिपल अरुण पराजुलीले विद्यालयको प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए । संस्थाका अध्यक्ष न्यौपानेले वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए ।


## धितो मूल्याङ्कनका लागि दरखास्त आह्वान सम्बन्धी सूचना !

यस युवा बचत तथा ऋण सहकारी संस्था लि.बाट धितो राखी प्रदान गरिने ऋणहरुको धितो मूल्याङ्कन गर्न आवश्यक भएकोले मान्यता प्राप्त सूचिकृत फर्म तथा कम्पनीहरुले १५ दिनभित्र (अन्तिम मिति २०८१।०२।२५ गते) यस संस्थामा आई दरखास्त दिनहुन यो सूचना प्रकाशन गरिएको छ ।

**युवा बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-२, मकवानपुर
**सम्पर्क नं. :**
०५७-५२४७०२, ०५७-५२१७०२, ९८५५०७६५०१

## क्यान्सर रोग लागेका विपन्न नागरिकलाई औषधी उपचारमा सहुलियत प्रदान गर्ने सम्बन्धी सूचना

बागमती प्रदेशमा स्थायी बसोबास गर्ने आर्थिक रुपले विपन्न नागरिकले क्यान्सर रोगको उपचार गराउँदा बिरामीले बिलबमोजिम बढीमा पचास हजार रुपैयासम्मको उपचार सहुलियत प्राप्त गर्ने हुँदा क्यान्सर रोग लागेका विपन्न नागरिकलाई औषधी उपचारका लागि सूचिकृत गरिएका अस्पतालहरुबाट यो सेवा लिनुहुन सम्पूर्णमा जानकारी गराइन्छ ।

बागमती प्रदेश सरकार
**स्वास्थ्य मन्त्रालय**
स्वास्थ्य निर्देशनालय
हेटौंडा, मकवानपुर, नेपाल

## हेटौंडामै उत्पादित
# सुदिन ड्राइमिट






**Ready To Eat**

## हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

## सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

## हेटौडा उपमहानगरपालिका
## ११ नं. वडा कार्यालय
नवलपुर, हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

### बागमती प्रदेश सरकारबाट हस्तान्तरित बंगुर प्रवर्द्धन कार्यक्रम संचालन सम्बन्धी आवेदन पेश गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकाशन मिति : २०८१।०२।०९ गते**

हेटौडा उपमहानगरपालिकाको चालू आर्थिक वर्षको स्वीकृत कार्यक्रम अन्तर्गत बागमती प्रदेश सरकारबाट हस्तान्तरित बंगुर प्रवर्द्धन कार्यक्रम संचालन गर्ने सम्बन्धी यस वडा कार्यालयको मिति २०८१।०२।०९ गतेको निर्णयानुसार यस वडा क्षेत्र भित्रका कृषि फर्म, कृषक समूह, कृषि तथा बहुउद्देश्यीय सहकारी संस्थाहरू सार्वजनिक संस्थाहरूलाई अनुदान उपलब्ध गराउने सम्बन्धमा तपशिल बमोजिम शर्तहरूको अधीनमा रही यो सूचना प्रथम पटक प्रकाशित मितिले २१ (एक्काइस) दिन भित्र यस वडा कार्यालयमा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ

**शर्तहरू**

- वडा नं. ११ भित्रका कृषि फर्म, कृषक समूह, कृषि तथा बहुउद्देश्यीय सहकारी संस्थाहरू सार्वजनिक संस्थाहरू मात्र आवेदक हुन सक्नेछन् ।
- पशुपालन पूर्वाधार, संरचना लगायत निर्माण कार्यको हकमा बढीमा ८० प्रतिशत र चालू प्रकृतिका उत्पादन सामाग्री खरिदमा बढीमा ५० प्रतिशत रकम प्रोत्साहन स्वरूप अनुदान दिइनेछ ।
- साझेदारले सम्झौता गर्नु अघि सोही प्रकृतिको कार्यक्रमको लागि अन्य कुनै सरकारी निकायबाट दोहोरो सुविधा नलिएको हुनुपर्नेछ ।
- साझेदारले अनुदान रकम लिई दुरूपयोग गरेको पाइएमा, दोहोरो अनुदान लिएको पाइएमा प्रचलित कानून बमोजिम असुलउपर गरिनेछ ।

**आवेदन साथ पेश गर्नुपर्ने कागजातहरू**

- आवेदक व्यक्तिको हकमा नागरिकताको प्रतिलिपि, र अन्यको हकमा दर्ता तथा नवीकरणका कागजातहरूको प्रतिलिपि
- साझेदार संस्था भएमा सम्बन्धित संस्थाको निर्णय
- कार्यक्रमसंग सम्बन्धित प्रस्तावना
- प्रतिबद्धता पत्र

**हेटौंडा उपमहानगरपालिका ११ नं. वडा कार्यालय, हेटौंडा, मकवानपुर ।**

## हेटौडा उपमहानगरपालिका
## ११ नं. वडा कार्यालय
नवलपुर, हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

### बागमती प्रदेश सरकारबाट हस्तान्तरित गाई प्रवर्द्धन कार्यक्रम संचालन सम्वन्धी आवेदन पेश गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकाशन मिति: २०८१।०२।०९ गते)**

हेटौंडा उपमहानगरपालिकाको चालू आर्थिक वर्षको स्वीकृत कार्यक्रम अन्तर्गत बागमती प्रदेश सरकारबाट हस्तान्तरित गाई प्रवर्द्धन कार्यक्रम संचालन गर्ने सम्बन्धी यस वडा कार्यालयको मिति २०८१।०२।०९ गतेको निर्णयानुसार यस वडा क्षेत्रभित्रका कृषि फर्म, कृषक समूह, कृषि तथा बहुउद्देश्यीय सहकारी संस्थाहरू, सार्वजनिक संस्थाहरूलाई अनुदान उपलब्ध गराउने सम्बन्धमा तपशिल बमोजिम शर्तहरूको अधीनमा रही यो सूचना प्रथम पटक प्रकाशित मितिले २१ (एक्काइस) दिनभित्र यस वडा कार्यालयमा आवेदन पेश गर्नुहुन सम्वन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

- वडा नं. ११ भित्रका कृषि फर्म, कृषक समूह, कृषि तथा बहुउद्देश्यीय सहकारी संस्थाहरू, सार्वजनिक संस्थाहरू मात्र आवेदक हुन सक्नेछन् ।
- पशुपालन पूर्वाधार, संरचना लगायत निर्माण कार्यको हकमा बढीमा ८० प्रतिशत र चालू प्रकृतिका उत्पादन सामाग्री खरिदमा बढीमा ५० प्रतिशत रकम प्रोत्साहन स्वरूप अनुदान दिइनेछ ।
- साझेदारले सम्झौता गर्नु अघि सोही प्रकृतिको कार्यक्रमको लागि अन्य कुनै सरकारी निकायबाट दोहोरो सुविधा नलिएको हुनुपर्नेछ ।
- साझेदारले अनुदान रकम लिई दुरूपयोग गरेको पाइएमा, दोहोरो अनुदान लिएको पाइएमा प्रचलित कानून

**आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:**

- आवेदक व्यक्तिको हकमा नागरिकताको प्रतिलिपि, र अन्यको हकमा दर्ता तथा नवीकरणका कागजातहरूको प्रतिलिपि
- कार्यक्रम संग सम्बन्धित् प्रस्तावना
- प्रतिबद्धता पत्र

**हेटौंडा उपमहानगरपालिका ११ नं. वडा कार्यालय, हेटौंडा, मकवानपुर ।**


साझाकुरा राष्ट्रिय दैनिकका लागि सबिन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना